वर्ष : २०, अंक : ३८, काठमाडौं, २०८१ फागुन १६ गते शुक्रबार, 28 February, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# ‘असहिष्णु र हिंसक व्यवहारले राज्यप्रतिको अलगाव झन् गहिरिँदै’

## आन्दोलन र संघर्षको निम्ति विचार मिल्नेहरूसँग बृहत मोर्चाबन्दी गरिने : राजेन्द्र महतो




काठमाडौं । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले राष्ट्रिय मुक्ति क्रान्तिलाई सफल बनाउनका लागि समान धारणा र विचार मिल्ने पार्टी, संगठनहरुसँग मोर्चाबन्दी गर्ने बताएका छन् ।

रामुपाले बिहीबार काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा देशमा विद्यमान चलिरहेको विभिन्न खाले संघर्षहरु जस्तै मुकुम्लुङमा नो केबलकार, बोभ्रेनी सांखुको सबस्टेशन विरुद्धको संघर्ष, उपत्यकामा गैरन्यायिक सडक विस्तार तथा खोलानदीको मापदण्ड विरुद्धको संघर्ष, स्वर्गद्वारी गुठीको संघर्ष, सहकारी पीडितहरुको संघर्ष, लघुवित्त पीडितहरुको संघर्ष, बिटौरी जग्गा सम्बन्धि देशभर रहेको समस्या विरुद्धको संघर्ष, दलित(शिल्पी) समुदायद्वारा जारी रहेको संघर्ष, कवाड व्यसायीहरुको संघर्ष, ढोरपाटन सिकार आरक्ष विरुद्धको संघर्ष, केन्द्र सरकार र प्रदेश सरकारहरुको वेथिती विरुद्धको संघर्ष लगायत देशवासीले भोगीरहेका सबैखाले संघर्षहरुको विरुद्धमा संघर्ष गर्नु आवश्यक देखिएको निष्कर्ष निकालेका हुन् ।

साथै राज्यको एकल नश्लीय चरित्रलाई बदलेर बहुल राष्ट्रिय चरित्रको देश बनाउन र स्वशासनको अभ्यास गर्न सबै मिली राष्ट्रिय मुक्ति क्रान्ति गर्नु आवश्यक रहेकोले आन्दोलन र संघर्षको निम्ति समान धारणा र विचार मिल्ने पार्टी/संगठन हरुसंग बृहत मोर्चाबन्दी गर्ने निर्णय गरिएको छ ।

देशमा विद्यमान सबैखाले समस्याबाट मुक्त हुन, व्याप्त निराशाबाट छुटकारा पाउन, ध्वस्त भैसकेको अर्थतन्त्रलाई उकास्न, आफ्नो सभ्यता, सँस्कृति, दर्शनलाई जोगाउने कार्यमा अग्रसर र एकमात्र विकल्पको रुपमा अगाडि बढेको यस पार्टीमा प्रवेश गर्न तथा पार्टीको गतिविधिलाई तीब्र रुपमा अगाडि बढाउन आर्थिक सहयोगको लागि समेत आम जनतालाई सार्वजनिक रुपमा आह्वान गरिएको छ ।

पार्टीका सबै केन्द्रीय सदस्यहरुलाई १५ दिन भित्र सम्पती विवरण भरी केन्द्रीय कार्यालयमा बुझाउन निर्देशन गरिएको छ । पार्टी अध्यक्षद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन माथि आएको सुझावहरुलाई समावेश गरि पारित गरिएको छ ।

फागुन १२ र १३ गते दुई दिनसम्म पार्टी अध्यक्ष महतोको अध्यक्षतामा काठमाडौंमा बसेको केन्द्रीय कार्यसमितिको बैठकमा पार्टीका सबै केन्द्रीय सदस्यहरुद्वारा आ-आफ्नै मौलिक भेषभुषामा सजिएर १८ वटा मातृभाषामा पद तथा गोपनियताको सपथ लिने कार्य भएको थियो । जस अन्तर्गत नेपाली, सुर्जापुरी, खस, राजवंशी, बज्जिका, गुरुङ(तमु), थारु, अवधी, मैथिली, मगर(खाम), हिन्दी, नेपाल, भोजपुरी, उर्दु, मगही, तामाङ, थुलुङ(राई), लिम्बु भाषा गरि १८ भाषामा सपथग्रहण गर्ने कार्य भएको छ ।

परिवर्तित विश्वब्यबस्थाको प्रभावले आन्तरिक रुपमा गम्भीर संकट उत्पन्न हुनेगरी बहुआयामिक दबाब सृजना भएको छ । त्यो दबाबले निम्त्याएको संकटको सामना गर्न मौजुदा राज्य ब्यबस्थाको आन्तरिक शक्ति अत्यन्तै क्षिण अवस्थामा छ । बिगत देखि नै राज्यको एकल नस्लिय चरित्रले गर्दा चुनौती सामना गर्न सक्ने राज्यको शक्ति अत्यन्तै क्षिण थियो नै विश्व महाशक्तिहरु बिचको शक्ति प्रतिस्पर्धाको कारण सृजित संकटबाट मुलुकलाई बचाउन मुजुदा परनिर्भर राज्यले सामना गर्न सक्दैन भन्ने रामुपाको ठहर छ ।

यस्तो संकटको बेला मुलुक भित्रका आफ्नै जनताहरु तथा बाहिरका असल मित्र शक्तिहरु माँझ बिश्वाश आर्जन गर्दै संकट समाधानको निम्ति एकीकृत पहलकदमी लिनुपर्ने वर्तमानको टड्कारो आवश्यकतालाई नजर अन्दाज गर्दै नेपाली कांग्रेस तथा नेकपा एमाले लगायत गठबन्धन दलहरु आफ्नो निहित स्वार्थ रक्षार्थ अगाडी बढेकोले संकट समाधान गर्नु त परको कुरा भयो आन्तरिक रुपमा झन् विभाजन पैदा गरेको छ ।

पत्रकार सम्मेलनमा जारी गरिएको प्रेस विज्ञप्तिमा ‘देश असफलता तर्फ उन्मुख भएको छ । यस्तै समस्या आउछ भनेर नै २०७२ को संबिधानबाट “बनाउने नेपाल सबै नेपालीकालागी“ भन्ने हाम्रो

*बाँकी अन्तिम पृष्ठमा*

## सही अनुसन्धानले न्याय निरूपण सम्भव छ : मुख्यमन्त्री सिंह



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अपराध अनुसन्धान पद्धतिलाई गुणस्तरीय, प्रभावकारी र परिणाममुखी बनाउन आधुनिक प्रविधिको अधिकतम उपयोग गरिनुपर्ने बताएका छन् ।

नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग एवम् मधेश प्रहरी कार्यालय जनकपुरधामद्वारा जनकपुरधाममा मंगलबार आयोजित अपराध अनुसन्धानसम्बन्धी समस्या र समाधान विषयक प्रदेशस्तरीय समीक्षा गोष्ठीमा उनले अपराध अनुसन्धानको सुक्ष्मता, सघनता, तीव्रता र तटस्थताबाट मात्र सही न्याय निरूपणका लागि ठोस तथा निश्चयात्मक आधार तय हुने हुँदा प्रहरीले अनुसन्धान पद्धतिलाई आवश्यकताअनुसार वैज्ञानिक बनाउँदै जानुपर्ने औंल्याए ।

*बाँकी अन्तिम पृष्ठमा*

## लोसपाको मधेश प्रदेश समिति विस्तार



जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले मधेश प्रदेश समिति विस्तार गरेको छ । लोसपाका मधेश प्रदेश अध्यक्ष जितेन्द्र सोनलले विज्ञप्ति जारी गर्दै प्रदेश समितिको विस्तार गरेका हुन् । विस्तारित कार्यसमितिको उपाध्यक्षमा रामबाबु यादव सिरहा, अरुण पाठक महोत्तरी, रामज्ञान मण्डल धनुषा र विन्देश्वर यादव रौतहट चयन भएका छन् । यसैगरी मुख्यसचिवमा राम विनोद चौधरी धनुषा, सचिवमा ओमलोक पटेल रौतहट, सरयुग यादव महोत्तरी, जलाइद्दिन राइन महोत्तरी, र राजकुमार महरा सिरहा चयन भएका छन् । त्यसैगरी कोषाध्यक्षमा सर्लाहीका प्रेमशिला यादव चयन भएकी छन् ।

लोसपाले मधेश प्रदेश समितिको कार्यकारिणी समितिमा रामप्रवेश दास रौतहट, महाशंकर ठाकुर धनुषा, अंजु बैठा सर्लाही, राम गिरी पर्सा, मुकेश कर्ण सप्तरी, विनोद गामी महोत्तरी, गंगा प्रसाद रजक धनुषा, मिथिलेश यादव सर्लाही, ललित झा सर्लाही, शुभनारायण साह सर्लाही, विना कुशवाहा रौतहट, प्रभु चौधरी सर्लाही, विरवंश बैठा सर्लाही, विनय सिंह बारा, राजु गिरी बारा, कृष्ण साह बारा, रुपेश पटेल रौतहट, युगनारायण चौधरी सर्लाही, सचिन्द्र झा सर्लाही, देवानन्द यादव पर्सा, राजविन्द्र यादव सिरहा, फनिकान्त झा सप्तरी, बबिता चौधरी महोत्तरी र सरिता कुमारी शर्मा महोत्तरी चयन भएका छन् । पदाधिकारी र कार्यकारिणीका अतिरिक्त ५१ जना सदस्य चयन गरिएको जनाएको छ ।

## खुला सीमा संवाद समूह र क्लोथ बैंकद्वारा हेल्पडेस्क सञ्चालन




जनकपुरधाम । नेपाल-भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक नेपालको संयुक्त आयोजनामा मिथिला मध्यमा परिक्रमाअन्तर्गत श्रद्धालु भक्तजन, साधु-सन्त तथा सम्पूर्ण यात्रुहरूको स्वास्थ्य र सुविधालाई ध्यानमा हेल्पडेस्क सञ्चालन गरिएको छ ।

१५ दिने परिक्रमामा बिहीबारदेखि हेल्पडेस्क सञ्चालन गरिएको हो । हेल्प डेस्क नेपाल तर्फ पर्ने ११ स्थानमा संचालन गर्ने क्लोथ बैंकको कार्यालय सचिव कृष्ण कुमार साहले बताए । बिहीबारको कार्यक्रम हेल्प डेस्कका सहसंयोजक रुबी झाको संयोजकत्वमा सम्पन्न भएको थियो ।

कार्यक्रममा संस्थाका कार्यालय सचिव कृष्ण कुमार साह, क्लोथ बैंक नेपालका सचिव मनिष श्रीओम, बाल अभियानी आदित्य झा, तथा धनेश्वर ठाकुरको विशेष उपस्थिति रहेको थियो । सिअहेब दिलीप मिश्रसहित अन्य सदस्यहरूले यात्रुहरूलाई स्वागत गर्दै स्वास्थ्य जाँच तथा आवश्यक सामग्रीहरू वितरण गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल-भारत खुला सीमा संवाद समूहका अध्यक्ष डॉ. राजीव झाले मिथिला मध्यमा परिक्रमाको उद्देश्य तथा यसको सांस्कृतिक एवं धार्मिक महत्वबारे प्रकाश पारेका थिए ।

संस्थाद्वारा प्रत्येक वर्ष परिक्रमा यात्रुहरूलाई आवश्यक स्वास्थ्य सहयोग, पानी, गुमसुदाहरुको खोजतलास तथा अन्य सुबिधाहरु उपलब्ध गराईदै यात्रालाई सहज बनाउन संस्थाले महत्वपूर्ण भूमिका खेल्दै आइरहेको संस्थाको प्रवक्ता संचारकर्मी प्रमोद कुमार साहले बताए ।

# अध्यादेशमा के चाहन्छन् उपेन्द्र यादव ?



**निमिष झा**

संसद् अधिवेशन आह्वान नभएको अवस्थामा सरकारले विद्यमान ३१ वटा कानुन संशोधन गर्न भन्दै ल्याएका ६ वटा अध्यादेश अलपत्रजस्तै बनेका छन् । संसद् अधिवेशन सुरु भएको दुई हप्ता बितिसक्दा पनि सरकारले ती अध्यादेश कुनै पनि सदनमा पेस गर्न सकेको छैन । राष्ट्रिय सभामा प्रस्ट बहुमत नभएका कारण सरकारले ती अध्यादेश सदनमा पेस गर्न नसकेको हो ।

प्रतिनिधि सभामा स्पष्ट बहुमत भए पनि राष्ट्रिय सभामा सरकार अल्पमतमा रहेकाले दुवै सदनको कार्यसूची संशोधन गरियो । अर्थात् अध्यादेश निर्णयार्थ पेस गर्ने कार्यसूची संशोधन हुन पुग्यो ।

राष्ट्रिय सभाको बहुमतबाट सहजै स्वीकृति हुने अवस्था नआएसम्म अध्यादेश संसद्को कार्यसूचीमा नपर्ने देखिन्छ । अध्यादेश संसद् बैठक सुरु भएको ६० दिनभित्र स्वीकृत गरेर प्रतिस्थापन विधेयक ल्याउनुपर्ने हुन्छ ।

संविधानको धारा ११४ मा सरकारले ल्याएको अध्यादेश संघीय संसद्को दुवै सदनले ६० दिनभित्र स्वीकार नगरेमा निष्क्रिय हुने व्यवस्था छ ।

के हो सकस ?

प्रतिनिधि सभामा अध्यादेश स्वीकृत गर्न सत्तापक्ष नेपाली कांग्रेस र एमालेका सांसद नै पर्याप्त छन् तर ५९ सदस्यीय राष्ट्रिय सभामा सत्तापक्षसँग स्पष्ट बहुमत छैन ।

त्यसैले सत्तापक्षले निर्णायक मानिएको जसपा नेपालको साथ खोजेको छ । राष्ट्रिय सभामा ३ सांसद रहेको जसपा नेपालले अध्यादेशबारे अहिलेम्म पनि अन्योलमै छ । यद्यपी जसपाले भूमिसम्बन्धी अध्यादेश पारित गर्न नहुने बताइसकेको छ । जसपाले अध्यादेश अध्ययन गर्न भन्दै नेता राजकिशोर यादवको नेतृत्वमा कार्यदल गठन गरेको थियो । कार्यदलले अध्यक्ष उपेन्द्र यादवलाई प्रतिवेदनसमेत बुझाइसकेको छ ।

प्रतिवेदनमा भूमिसम्बन्धी अध्यादेशबाहेक अरु अध्यादेशलाई सकारात्मक रूपमा लिएको छ । राष्ट्रिय सभामा कुनै पनि अध्यादेश वा विधेयक बुहमतले पारित गर्न कम्तीमा ३० मत चाहिन्छ तर, कांग्रेसका १६, एमालेका १०, लोसपाका १ गरी सत्तापक्षका २७ सदस्यमात्रै छन् ।

यो अवस्थामा राष्ट्रिय सभामा ३ सांसद रहेको जसपा नेपालले साथ दिए सरकारले अध्यादेश सहजै पास गर्न सक्छ । तर त्यसको वातावरण अहिले पनि सुनिश्चित बनेको छैन ।

शक्तिशाली मानिएको सरकारलाई राष्ट्रिय सभामा बहुमत नपुग्दा समस्या परेको छ तर सत्तापक्षका नेताहरू जसपा नेपालले अध्यादेशको पक्षमा मत दिनेमा ढुक्क देखिन्छन् ।

त्यसो त अध्यादेशमा सरकार अप्ठ्यारो परेको बुझेको जसपाले पनि यहीबेला आफ्नो बार्गेनिङ पावर बढाएको छ । यद्यपि उसले यही चाहिन्छ भनेर मुख भने खोलिसकेको छैन ।

अध्यादेशकै कारण सरकारमाथि नैतिक संकट आउन नदिन सत्तारुढ दलहरू

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

### मिथिला माध्यमिकी परिक्रमाको महत्व र नेपाल-भारत सांस्कृतिक सम्बन्ध

मिथिलाको महाकुम्भ भनिने १५ दिने मिथिला माध्यमिकी परिक्रमा शुरू भएको छ । धनुषाको ठेराकचुरीस्थित श्री रामजानकी मठबाट अवधविहारी (श्रीराम) को प्रतिमा राखिएको डोला बोकेर निस्केको साधुसन्त र श्रद्धालु भक्तजनको भीडमा जनकपुरधामस्थित अग्निकुण्ड मठबाट किशोरीजी (सीताजी) को प्रतिमा राखिएको डोला प्रस्थान गरेको हो ।

सो यात्रामा बाजागाजासाथ जानकी मन्दिर, राम मन्दिर, जनक मन्दिर र जनकपुरस्थित पवित्र तलाउहरू गङ्गासागर र धनुषसागरको प्रदक्षिणा गर्दै हनुमानगढीमा रात्रिबास गरिनेछ । यो बाससँगै मिथिला माध्यमिकी परिक्रमा फागुन शुक्लपक्षभरि प्राचीन मिथिलाका विभिन्न तीर्थस्थलको परिक्रमा गरेर जनकपुर नै पुगेर सम्मापन गरिनेछ ।

मिथिला माध्यमिकी परिक्रमामा प्रारम्भको पहिलो दिन हनुमानगढी, दोस्रो दिन कल्याणेश्वर (कलना), तेस्रो दिन फूलहर स्थित गिरिजा स्थान, चौथो दिन महोत्तरीको मटिहानी, पाँचौं दिन जलेश्वर, छैटौं दिन मडै, सातौं दिन ध्रुवकुण्ड, आठौं दिन कञ्चनवन पुगेर त्रेतायुगमा



राम र सीताले होली मनाएको लोकमान्यता अनुसार त्यहाँ यात्रीहरूले होली महोत्सव मनाउने गरेका छन् ।

नवौं दिन पर्वता, १० औं दिन धनुषाधाम, ११ औं दिन सतोखर, १२ औं दिन औरही १३ औ दिन भारतको करूणा र १४ औं दिन विसौल र अन्तिम १५ औं दिन जनकपुरधाममा रात्रिबासको परम्परा छ । बिसौलमा पुगेर विधिवत् रूपमा मध्यमा परिक्रमा समापन हुनेछ । तत्पश्चात परिक्रमा जनकपुरधाम पुगेर जनकपुरधामको पाँचकोशे अन्तरगृह परिक्रमा गर्ने परम्परा रहिआएको छ । स्वस्फुर्त रूपमा आफ्नै घरबाट भोजनसहित हजारौंको संख्यामा यात्रीहरूले यस परिक्रमामा सहभागीता जनाउने गरेका छन् ।

यो यात्रा १ सय ३३ किलोमिटरको रहेको बताइन्छ । यता मन्दिरहरूबाट परिक्रमाको लागि तयारी पूरा भए पनि यात्रुहरूको लागि आवश्यक ठाउँ ठाउँमा चाहिने शौचालय तथा खानेपानीको चरम समस्या हुने गरेका छन् ।

यो यात्रा १ सय ३३ किलोमिटरको रहेको बताइन्छ । यो धार्मिक यात्रामा मित्रराष्ट्र भारतको मधुवनी जिल्लामा चार रात्रिबास हुनेछ । मिथिलाको हिन्दू परम्परामा भगवान् शिव र विष्णु लक्ष्मीका अवतार मानिने श्रीराम र सीता समानरूपले पूज्य रहेको जानकारहरू बताउँछन् ।

त्यसैगरी त्रेता युगमा विवाहपश्चात् राम जानकीले विहार गर्दै मिथिला परिक्रमा गरेका सम्झनामा आयोजना हुँदै आएको मिथिला माध्यमिकी परिक्रमाका चार सुरमा प्रसिद्ध शिवालय छन् ।

यात्रीले यी शिवालयको प्रदक्षिणा गर्ने परम्परा छ । पूर्वमा दक्षिणमा कल्याणेश्वर, दक्षिण पश्चिममा जलेश्वरनाथ, उत्तर पुर्वमा क्षीरेश्वरनाथ र पुर्वमा सतोखरनाथ यस क्रममा प्रदक्षिणा गरिने शिवालय हुन् ।

शिवले आफ्ना इष्टदेवमा भगवान् रामको र श्रीरामले शिवको आराधना गरेका प्रसङ्ग रामायण र शिवपुराणमा भेटिनुले हिन्दू परम्परामा यी दुवै देवको समान पूजाआराधना परम्परा चलेको हो । मिथिला माध्यमिकी परिक्रमाका यात्रीलाई रात्रीबासमा स्थानीयले बासस्थान, भोजन, पानी, प्राथमिक स्वास्थ्य उपचारको प्रबन्ध गर्ने चलन छ । यसबाहेक बाटोमा पर्ने बस्तीमा यात्रीको पाउ पखाल्ने, शीतल जल सर्वतले स्वागत गर्छ । परिक्रमामा नेपाल र भारतका हजारौं यात्री सहभागी हुने गरेका छन् ।

# नेपाली सेनाको बहुआयामिक भूमिका:
## राष्ट्रिय सुरक्षा, कूटनीति र सामाजिक विकास



प्रकाश रायमाझी



प्रकाश रायमझी, राजनीतिक विश्लेषक नेपाली सेनाले महाशिवरात्रिको अवसर पारेर सेना दिवस मनाउँदै आएको छ । नेपाली सेनाले भूगोलको मात्र रक्षा गरेको छैन, परम्परागत मूल्यमान्यता, धर्म संस्कृति एवं मौलिक परम्परालाई पनि जोगाएको छ । महाशिवरात्रिमा सेना दिवस, घोडेजात्रा, बडादसैंमा फूलपाती आदि महत्वपूर्ण पर्वलाई भव्यतापूर्वक मनाउने परम्पराले नेपाली सेनामार्फत मुलुकको श्रीवृद्धिमा अमूल्य योगदान पुगेको छ । यसर्थ, महाशिवरात्रीको अवसर नेपाली सेनाको भूमिका र महत्वलाई गहन रूपमा बुझ्ने अवसर पनि हो ।

नेपालको भौगोलिक विकटता र भूराजनीतिक अवस्था दुवै चुनौतीपूर्ण छन् । उत्तरमा विशाल हिमालय शृंखला छ भने दक्षिणमा तराईको समथल भूमि छ । नेपाल विश्वकै सर्वशक्तिमान बन्ने दौडमा रहेका भारत र चीनले घेरिएको छ । यस कारण नेपाल सामु भौगोलिक चुनौती मात्र होइन, सामरिक जटिलता र सुरक्षा चुनौती पनि छन् । नेपालको राष्ट्रिय राजनीति, आन्तरिक सुरक्षा र परराष्ट्र नीतिका साथै यहाँको राजनीतिक स्थायित्व आफूहरुका लागि महत्वपूर्ण रहेको दुई छिमेकीले बारम्बार दोहोर्याउँदै आएका छन् । नेपालको राजनीतिक नेतृत्वको असक्षमता भनौं वा बिबिध त्रुटीहरुका कारण हुँदै गएको कूटनीतिको प्रत्युत्पादन, भारत र चीन मात्र होइन, यी मुलुकसँग प्रतिस्पर्धामा रहेका अन्य मुलुकले समेत नेपालमा गतिविधि बढाउन थालेका छन् । यस जटिल परिस्थितिमा मुलुकले आफ्नो अस्तित्व र सुरक्षालाई सन्तुलनमा राख्नुपर्ने हुन्छ । यसमा नेपाली सेनाको रणनीतिक क्षमता र कूटनीतिक कुशलता मुलुकको अस्तित्व रक्षाका लागि महत्वपूर्ण हुन गएको छ ।

सैना र सैन्य नेतृत्वको भूमिका राष्ट्रिय सुरक्षामा कति महत्वपूर्ण हुन्छ भन्ने विश्वपरिवेशमा देखा परेका अशान्तिका केही घटनाले पनि स्पष्ट पारेका छन् । एक्काईसौं शताब्दीमा मानिसलाई चाहिने शान्ति सुव्यवस्था र खुसी भएर आफ्ना प्रियजनसँग जिन्दगी व्यतीत गर्न पाउने अवसर नै हो । राजनीति र सैन्य नेतृत्वले आफ्नो सन्तुलन गुमाउँदा कूटनीतिक माध्यमबाट सुल्झने समस्या चर्किंदै गएर लाखौं मानिसले ज्यान गुमाइरहेको उदाहरण हाम्रै आँखा अगाडि छन् । नेपाली जनताको सौभाग्य नै भनौं, पटकपटकको राजनीतिक जटिलता र उतारचढावका बाबजुद नेपाली सेनाले उच्च व्यावसायिकता प्रदर्शन गर्दै राष्ट्रिय सुरक्षालाई अक्षुण्ण राख्न सफल भएको छ । यसका लागि हामी सबै जनता नेपाली सेनाप्रति कृतज्ञ छौं ।

नेपाली सेनाले आफ्नो सैन्य क्षमतालाई सुदृढ पार्दै विश्व शान्ति र क्षेत्रीय स्थिरतामा समेत योगदान पुर्याउँदै आएको छ । संयुक्त राष्ट्र संघीय शान्ति मिसनहरूमा नेपाली सेनाको सक्रिय सहभागिताले अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रतिष्ठा बढेको छ । द्विपक्षीय सैन्य अभ्यास र अन्तर्राष्ट्रिय सहयोगले नेपाली सेनाको क्षमता अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको छ । यद्यपि, नेपाली सेनाको क्षमता विकासमा मिहिनेत र लगानी अझै बढाउनुपर्ने घटनाक्रमले इंगित गर्न थालेका छन् । सेना भन्नासाथ युद्धमै होमिनुपर्छ भन्ने मानसिकता पनि ठीक होइन, तर आइपर्दा परिस्थितिको सामना गर्न सक्ने सबल सेना हुनु उत्ति नै आवश्यक छ । सक्षम र सबल सैन्य शक्तिले 'दुस्मन'हरूका विरुद्ध 'डिटरेन्स'को रूपमा काम गर्छ, जसले गर्दा अनावश्यक द्वन्द्वबाट देश र जनता सुरक्षित रहन्छन् ।

त्यसका लागि सैन्य प्रविधिमा लगानी बढाउँदै अध्ययन अनुसन्धानमा जोड दिनु आवश्यक छ ।

आफ्नो सुरक्षाका लागि आवश्यक माटो सुहाउँदो प्रविधि आफैंले विकास गर्न सक्ने हो भने राष्ट्रिय सुरक्षामा त योगदान पुग्छ नै, सानो बजेटले नै प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्न सहज हुन्छ । नेपाल जस्तो सानो देशले अन्य मुलुकबाट प्रविधि खरिद गरेर आफ्नो सैन्य क्षमतालाई सुदृढ गर्नु कठिन कार्य हो । भारतलगायत धेरै मुलुकले आफ्नो सुरक्षाका लागि आफैं प्रविधि विकास गर्नुपर्ने आवश्यकता देखेरै त्यसमा मनग्य लगानीका साथै अध्ययन अनुसन्धानमा पनि जोड दिन थालेका छन् । यसमा हामीले पनि ढिलो गर्नु हुँदैन ।

प्रविधिकै माध्यमले विश्वसामु देखा परेका साइबर सुरक्षा, जलवायु परिवर्तन र सीमा सुरक्षाजस्ता नयाँ नयाँ चुनौतीलाई समेत सामना गर्न सजिलो हुनेछ । हामीले सामना गर्ने चुनौती हाम्रै देश र परिवेश अनुसार विशिष्ट प्रकृतिको हुने भएकाले यसमा यथाशीघ्र ध्यान जानु आवश्यक छ । यसमा नेपाली सेनाले आफ्नो भूमिकालाई अझ प्रभावकारी बनाउनु आवश्यक छ । नेपाल जस्तो देशको लागि सैनिक कूटनीतिले शान्ति र समृद्धिमा महत्वपूर्ण भूमिका खेल्छ । युद्धबिनाको शान्ति पनि महत्वपूर्ण हो । नेपाली सेनाले आफ्नो भूमिकालाई युद्धमा मात्र सीमित नगरी, विपद् व्यवस्थापन, विकास निर्माण र सामुदायिक सेवामा पनि विस्तार गरेको छ । विपतको घडीमा ज्यानको पर्वाह नगरी नेपाली दाजुभाइ दिदीबहिनीका

> सक्षम र सबल सैन्य शक्तिले 'दुस्मन'हरूका विरुद्ध 'डिटरेन्स'को रूपमा काम गर्छ, जसले गर्दा अनावश्यक द्वन्द्वबाट देश र जनता सुरक्षित रहन्छन् । त्यसका लागि सैन्य प्रविधिमा लगानी बढाउँदै अध्ययन अनुसन्धानमा जोड दिनु आवश्यक छ ।

निमित्त सेनाले आफूलाई समर्पित गर्दै आएको छ । यसले नेपाली सेनालाई जनताको नजिक ल्याएको छ र राष्ट्रिय एकतालाई मजबुत बनाएको छ ।

नेपाली सेनाको भूमिकालाई हेर्दा यो केवल सैन्य शक्ति मात्र नभई, राष्ट्रिय पहिचान, सांस्कृतिक धरोहर र सामाजिक विकासको अभिन्न अंग हो भन्ने स्पष्ट हुन्छ । नेपाली सेनाले आफ्नो कर्तव्य र दायित्वलाई अझ सुदृढ बनाउँदै लैजाने हो भने नेपालको शान्ति, सुरक्षा र समृद्धिसमेत सुनिश्चित हुनेछ । सेना भनेको आफैंमा एउटा देश पनि हो । बेरोजगार युवाको विदेश पलायनलाई रोक्न पनि सेनाको संख्यामा वृद्धि गर्दै यसलाई आकर्षक पेसाका रूपमा विकास गरिनुपर्छ । देशको उन्नतिका लागि सेनाको भूमिका बढाउन सकिने क्षेत्र अझै पनि प्रशस्त छन् । विषम राजनीतिक परिदृश्यमा देशको स्थायित्व र नेपालीको भावनालाई आत्मसात् गर्दै राष्ट्रिय सुरक्षालाई दिगो राख्न आन्तरिक राज्यविप्लवको झिल्कालाई बेलैमा निराकरण गर्नका लागि पनि नेपाली सेनालाई अझै मजबुद बनाउनु पर्ने आवश्यकता छ ।

## आजपाले चैत २४ गते काठमाडौंमा प्रदर्शन र खबरदारी सभा गर्ने

काठमाडौं । आम जनता पार्टी (आजपा) ले जनआन्दोलन दिवशको अवसरमा आउँदो २४ चैतमा काठमाडौंमा विशेष प्रदर्शनका साथै खबरदारी सभा गर्ने भएको छ ।

आजपा काठमाडौं उपत्यका विशेष कमिटीको कोटेश्वरस्थित पार्टी कार्यालयमा बसेको बैठकले काठमाडौंमा २४ चैतमा विशेष प्रदर्शनका साथै खबरदारी सभा गर्ने निर्णय गरेको छ । बैठकलाई सम्बोधन गर्दै आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले भ्रष्टाचार नियन्त्रणमा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार पूर्णरुपमा असफल भईसकेकाले भ्रष्टाचारीलाई खबरदारी गर्नका लागि दलाल दलतन्त्रका बिरुद्ध विशेष प्रदर्शन र खबरदारी सभाको तयारीमा जुटन निर्देशन दिए ।

'वर्तमान सरकार भ्रष्टाचार नियन्त्रणमा पूर्णरुपमा असफल भईसकेको छ । भ्रष्टाचारका ठुला फाईल खोल्न र त्यसका पाना पल्टाउन सरकार डराइरहेको छ । झण्डै दुई तिहाई बहुमतको सरकार भए पनि प्रधानमन्त्रीजी भ्रष्टाचारीका अगाडी घुडा टेकिसक्नुभएको छ,' आजपा अध्यक्ष साहले भने, 'यो सरकारबाट भ्रष्टाचार नियन्त्रण हुदैन् र भ्रष्टाचारीलाई कारवाही पनि हुदैन् । त्यसैले भ्रष्टाचारका बिरुद्ध जनता आफै सडकमा आउनुको बिकल्प छैन् ।'

भ्रष्टाचारीका अगाडी प्रधानमन्त्री आत्मसम्पर्ण गरिसकेको बताउदै उनले भ्रष्टाचारी बिरुद्धको खबरदारी सभा र विशेष प्रदर्शन गर्न गाउँ-गाउँ र शहर-शहरबाट युवाहरु जुटन अहिलेको आवश्यक्ता रहेको बताए । सरकार र सरकारी मान्छेहरुले आफै भ्रष्टाचारमा संलग्न भएको बिभिन्न काण्डले देखाएको बताउदै आजपा अध्यक्ष साहले सबैले मिलेर राज्यको ढुकुटी सिध्याएर विदेशमा पैसा थुपारेर राखेको गम्भिर आरोप लगाए ।

२४ चैतमा जनआन्दोलन दिवशकै दिन भ्रष्टाचार बिरुद्ध खबरदारी सभा र विशेष प्रदर्शन गर्न लागेको आजपाले सरकारको मनोमानी कर आतंक बिरुद्ध जागरण अभियान समेत सञ्चालन गर्ने निर्णय गरेको छ । कर आतंक बिरुद्धको जागरण अभियानको क्रममा आजपाले अन्तरक्रिया कार्यक्रम, भेला, प्रदर्शनसंगै संगठन निर्माण समेत गर्ने आजपा प्रवक्ता चन्द्रभुषण साहले जनाएका छन् ।

# हाम्रो आगमन युगकै माग हो : राजेन्द्र महतो

सर्वप्रथम, बलिदानी दिनुभएका सहिदहरूको सम्झना, पूर्खाहरूको महानता, र विवेकी अगुवाहरूको निर्देशनलाई सम्मान गर्दै, स्वदेशी पहिचान, सभ्यता, बैभव, मानवता, र सम्मान पुनःस्थापना गर्ने उद्देश्यले राष्ट्रिय मुक्ति क्रान्तिमा समर्पित हुन् सबैलाई आव्हान गर्दछौं । राष्ट्रिय मुक्ति पार्टी नेपालको दर्ता पछिको पहिलो भेलामा उपस्थित केन्द्रिय सदस्य, जिल्ला अध्यक्ष, र प्रतिनिधिहरूलाई हार्दिक स्वागत छ। पार्टी स्थापनाको छोटो समयमा गोर्खाली राज्यको एक विकल्प शक्तिका रूपमा स्थापित गराउन योगदान दिने सबैलाई उच्च सम्मान व्यक्त गरिन्छ। बैठक भइरहेको भूमि यहाँका स्वदेशी नेवाः र तामाङ राष्ट्रका परम्परा र संघर्षप्रति कृतज्ञता व्यक्त गर्दछु ।

पार्टीले औपनिवेशिक युगको अन्त्य गरी वास्तविक मुक्ति हासिल गर्न अभियान थालेको एक वर्ष पूरा हुँदैछ। यस अवधिमा सामाजिक-सांस्कृतिक अभियानलाई राजनैतिक रूपमा अगाडि बढाउँदै संघर्षलाई सशक्त बनाइयो। पार्टी गठनले हाम्रो वैचारिक दृढता, रणनीतिक स्पष्टता, र कार्यनीतिक लचकताको परिणामस्वरूप सानो समयमै राष्ट्रिय राजनीतिमा प्रभाव पार्ने अवस्था सिर्जना गरेको छ। यो बैठक ऐतिहासिक छ र आगामी कार्यनीतिको निर्धारणका लागि महत्त्वपूर्ण छ। सबैको मेहनत, लगनशीलता, र सामूहिक प्रयासले हासिल गरिएको उपलब्धिको लागि धन्यवाद व्यक्त गर्दै, थप छलफल र सल्लाहका लागि राजनीतिक प्रतिवेदन प्रस्तुत गरेको छु ।

आदरणिय केन्द्रिय सदस्यहरू,

२१औं शताब्दी भनेको औपनिवेशिकता विरुद्धको शताब्दी हो । हामी जस्तै विश्वभरका स्वदेशी राष्ट्रहरूले आफुलाई उपनिवेश र औपनिवेशिकतामा राखि रहन चाहने शक्तिहरु र संयन्त्रहरु विरुद्ध राष्ट्रिय मुक्ति क्रान्तिमा रहेका छन । इतिहासको दुर्घटनाको कारण नेपाल राज्य निर्माण भयो तर यसरी राज्य निर्माण हुँदा राज्यविहिन हुन पुगेका स्वदेशी राष्ट्रहरुले आफ्नो राष्ट्रिय मुक्तिको लागि पटक पटक सानाठूला विद्रोहहरु गरेका छन । हाम्रा स्वदेशी पुर्खाहरु इतिहासमा एक पटक हारे, आफ्नो भूमि र सार्वभौमिकता गुमाए तर कहिलै झुकेनन निरन्तर गोर्खाली राज्यको प्रतिकार गरिरहे र हाल पर्यान्तको पुस्ताहरूलाई गोर्खाली उपनिवेश तथा औपनिवेशिकता विरुद्ध प्रतिकारको विज छाडेर गएका छन । सैन्य शक्ति तथा संस्कृतिको माध्यमबाट उनिहरुको स्वदेशी विद्रोहलाई २१औ शताब्दीमा निरन्तरता दिंदै तथा राज्य औपनिवेशिकताबाट राज्यविहिन राष्ट्रका जनताहरुलाई मुक्त दिलाउने महान लक्ष्यलाई आत्मसात गर्दै यो पार्टीको जन्म भएको छ । हामीले संश्लेषण गरेको “विचार सहितको विकल्प, विकल्प सहितको विद्रोह” भनेको लिम्बुवान (१८४८), तामाङ विद्रोह (१८५०), माझ किरात (१८६४), भोटे (१९०७), लखन थापा (१९३३), सुकदेव गुरु (१९३३) लगायत तमाम हिमाल, पहाड र मधेशका विवेकी स्वदेशी पुर्खाहरुले आफ्नो सार्वभौमिकता तथा स्वदेशी राष्ट्रको लागि लडेका महान क्रान्तिहरुको निरन्तरता हो ।

यो पार्टी, गोर्खाली शाह तथा राणा वंशजको राज, काँग्रेस र कम्युनष्टि मार्फत कायम गरेको राज्यधारी गोर्खाली सभ्रान्तहरुको राज तथा आज विभिन्न खोक्रा नाराहरु मार्फत गोर्खाली औपनिवेशिक सत्तालाई मजबुत बनाउनेहरुको राज विरुद्ध स्वदेशी जनताहरुले इतिहास देखी गुमाएको आफ्नो :वत्व खोज्दै आफ्नो राज्यत्वको दावी गर्न र बहुलराष्ट्रिय राज्य मार्फत स्वदेशी राष्ट्रहरुको शिर जगाउनको लागि स्थापना भएको हो । हाम्रा पुर्खाहरुले छाडेर गएका महान धर्म, सभ्यता, सँस्कृति र ति धरोहरहरुलाई आधुनिक भौतिकवादी दार्शनिक प्रणालीहरु उदारवाद र मार्क्सवाद मार्फत ध्वस्त गर्दै वैज्ञानिक मानव बनाउने पश्चिमा उपनिवेशकारीहरुका दलाल हालका दलहरु र शक्ति संरचनालाई ध्वस्त गर्दै नेपालका राज्यविहिन राष्ट्रका जनताहरु अनुकुलको सोल क्राफ्ट (स्व निर्माण) गर्ने र सोही अनुकुलको स्टेट क्राफ्ट (राज्य निर्माण) गर्नको लागि राष्ट्रिय मुक्ति पार्टी नेपाल स्थापना भएको हो । हाम्रो पार्टी गोर्खा साम्राज्यले सन् १७६८ मा काठमाडौं कब्जा गरे पश्चात निर्माण गरेको एकल राष्ट्रिय राज्यको उपनिवेशकारी संयन्त्र तथा महेन्द्रमाला पंचायत मार्फत स्वदेशी जनताहरुको दिमाग कब्जा गर्ने जुन बृहत परियोजना गणतन्त्र नेपालमा पनि कायम रहेको छ, उक्त औपनिवेशिकताबाट मुक्त दिलाउदै २१ औं शताब्दीको नयाँ नेपाल साझा नेपाल निर्माण गनको लागि हाम्रो पार्टीको स्थापना भएको हो ।

**१. राष्ट्रिय मुक्ति क्रान्ति**

**क. विश्व परिवेश**

सन् १४९२ मा क्रिस्टोफर कोलम्बसले अमेरिका प्रवेश गरेपछि सुरु भएको युरोपेली उपनिवेशवादले विश्वभर स्रोत र श्रमको दोहन गर्दै ठूलो प्रभाव पार्‍यो। युरोपभित्रको राष्ट्र-राज्यको प्रतिस्पर्धाले सन् १६४८ को वैस्टफालियन ट्रिटीद्वारा आन्तरिक शान्ति स्थापना गरेपछि युरोपेली शक्तिहरू बाह्य उपनिवेश विस्तारमा केन्द्रित भए।

सन् १९०५ सम्म विश्वको ९०% भूभाग युरोपेली साम्राज्यको मातहतमा थियो। युरोपेली शक्तिहरूले स्थानीय जनताको भूमि कब्जा गर्दै श्रम र स्रोतको शोषण गरे। तर, उपनिवेशवादको विरुद्ध राष्ट्रिय मुक्ति क्रान्ति पनि अघि बढ्यो।

**प्रमुख लहरहरूः**

ङ्ख पहिलो लहरः सन् १६४८ अघि युरोपभित्रका संघर्षहरू (इङलिस, फ्रेन्च, स्पेनिस)।

ङ्ख दोस्रो लहरः अमेरिकी स्वतन्त्रता क्रान्ति (१७६५-१७८३), फ्रान्सेली क्रान्ति (१७८९-९९) र हाइटीको स्वतन्त्रता (१८०४)।

ङ्ख तेस्रो लहरः दोस्रो विश्वयुद्धपछि संयुक्त राष्ट्र संघको गठन (१९४५), भारत र अफ्रिकी देशहरूको स्वतन्त्रता।

ङ्ख चौथो लहरः सन् १९९१ पछि बहुलराष्ट्रिय राज्य निर्माणको संघर्ष ( नेपाल, चिली, बोलिभिया, इथियोपिया आदि)।

आज बहुलराष्ट्रिय राज्य निर्माण र राज्यविहीन राष्ट्रियताको राज्यत्व प्राप्तिको अभियान विश्वभर जारी छ।

**ख. नेपाली परिवेश**

हामीले संघर्ष र वलिदान गरेर ल्याएको संघिय लोकतान्त्रिक गणतन्त्रिक राज्य व्यवस्था पनि किन नेपाल एकलराष्ट्रिय राज्य रहेको छ? दैविक शासक राजाको शिर छेदन गरेर फ्रान्सेली राज्य क्रान्ति तथा अमेरिकन गणतन्त्र स्थापना मार्फत जनताको “स्वतन्त्रता, समानता र आत्मागौरव” स्थापना गर्ने लोकतान्त्रिक प्रणाली स्थापना हुदैं गर्दा गोर्खाली राज्यधारीहरुले नेपालमामा एक धार्मिक शासन सुरु गरे र विश्वमा पहिलो पटक जातका आधारमा जनताहरुको श्रेणिगत विभाजन गर्ने काम भयो । अर्थात विश्वमा पहिलो चरणको राष्ट्रिय मुक्ती क्रान्तिको लहरको समयमा नेपालमा सामन्ति राष्ट्रिय अधिराज्यहरुको स्थापना र बिकासको चरण थियो । पृथ्वीनारायण शाहको साम्राज्य विस्तार दक्षिण भारतमा रहेका तात्कालिन वेलायती साम्राज्यको सहयोगमा उनिहरुकै भारत कब्जालाई राष्ट्रिय खतराको रुपमा व्याख्या गर्दै दोश्रो लहरको विकास भएको थियो जसले वर्तमानको सरहदलाई एकीकृत राज्यकै रुपमा स्थापित गर्न सफल भयो । भारतिय स्वतन्त्र सग्रमको प्रभावमा नेपालमा तेश्रो लहरको राष्ट्रिय मुक्ती क्रान्ति वि.स. २००७ मा भयो जसले जहानियाँ राणाहरुको शासन अन्त्य गर्ने काम भयो र वहुदलिय लोकतान्त्रिक व्यवस्था स्थापना भयो । वि.स. २०४६ पश्चात चौथो लहरको राष्ट्रिय मुक्ति क्रान्ति अगाडी बढ्यो जहाँ इतिहासदेखी दवाइएका मधेशी, आदिवासी जनजाति, दलित, खस लगायतका स्वदेशी जनताहरुले आफ्नो राज्यत्वको दावीलाई थप ससक्त रुपमा अगाडी बढाए । यसलाई गति प्रदान गर्ने काम राजिनीतिक पार्टी स्थापना मार्फत भयो ।

शुरुवातमा वि.स. २०४६-४७ मा तराई-मधेशमा गजेन्द्र नारायण सिंहको नेतृत्वमा नेपाल सदभावना पार्टीले संघिय व्यवस्था, मधेशी, आदिवासी जनजातिको अधिकार र पहिचान, नागरिकताको समस्या, समानुपातिक समावेशिता, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र जस्ता मुद्धाहरु अगाडि बढायो, त्यस बखत नै संबिधान सभाको पनि मांग गरे भने पहाड-हिमाल तर्फ काजिमान कन्दङ्वा, गोरेबहादुर खपाङ्गी, एम.एस. थापामगर, खगेन्द्रजङ्ग गुरुङ, भद्रकुमारी घले आदि नेताहरुले राष्ट्रिय जनमुक्ती मोर्चा र नेपाल जनजाति पार्टी नामक संगठन स्थापना गर्दै संघिय व्यवस्थाको माग गर्‍यो । त्यसविच वि.सं.२०५२ देखि शुरुवात भएको नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) को जनयुद्धले यहाँका उत्पीडित राज्यविहिन राष्ट्रहरुको राष्ट्रिय मुक्ति आकांक्षालाई सम्वोधन गर्दै राष्ट्रिय मुक्ति मोर्चा र संयुक्त क्रान्तिकारी मोर्चा गठन गरी पहिचान सहितको संघिय व्यवस्थालाई मूल मुद्दाको रुपमा स्थापित गरायो । वि.सं. २०६३ मा नेकपा ( माओवादी) शान्ति प्रकृयामा आए पश्चात संविधान सभाबाट नेपाललाई पहिचान सहितको संघिय गणतन्त्रात्मक व्यवस्थामा रुपान्तरण गर्ने मुख्य लक्ष्य बन्यो । संघियता स्वायत्ता भनेपनि गणतन्त्रलाई नै देशको मुल राजनीति स्वदेशी जनताको मुद्धा वरपर केन्द्रित गराउन सफल भयो तर अन्तरिम संबिधानमा संघियता बाट यो दल पछाडी हटेपछि मधेशमा भएको तीन पटकको विद्रोह तथा आदिवासी जनजातिहरु लगायत स्वदेशी जनताहरुको संघर्ष बलिदानी तथा त्यागको कारण यो देशमा संघिय लोकतान्त्रिक गणतान्त्रात्मक भएको हो ।

आदरणीय केन्द्रिय सदस्यहरू,

वि.सं. २०३६ को विद्यार्थी आन्दोलनबाट राजनीतिक यात्राको प्रेरणा लिई, वि.सं. २०४६ को जनआन्दोलनसम्म राष्ट्रिय मुक्ति क्रान्तिमा निरन्तर समर्पित रहँदै आएको अनुभवले ममा सशक्त राजनीतिक दृष्टिकोण प्रदान गरेको छ। वि.सं. २०४० मा डा. हर्कबहादुर गुरुङको बसाइँसराइ प्रतिवेदन र मधेशी जनतालाई विदेशी करार गर्ने विभेदकारी नीति विरुद्ध स्वर्गीय गजेन्द्रनारायण सिंहको नेतृत्वमा नेपाल सद्भावना परिषद् गठन गरी संघर्षको थालनी भयो । यो संघर्षले अरु मधेशी समुदाय झैं मलाई पनि बैचारिक रुपमा मुक्ति आन्दोलन बारे सचेतना जगायो । वि.सं. २०४६ को जनआन्दोलनपछि पनि गोर्खाली सत्ता नबदलिएपछि “व्यक्ति हैन, सत्ता बदल्न“ को अठोटसहित नेपाल सद्भावना पार्टीबाट सक्रिय राजनीति सुरु गरियो। वि.सं. २०६३ को मधेश विद्रोहदेखि वि.सं. २०७२ को संविधान निर्माणपछिका संघर्षहरूले राज्यविहीन र उत्पीडित समुदायको साझा अभियान आवश्यक रहेको स्पष्ट भयो। उत्पीडित राष्ट्रहरुको छुट्टाछुट्टै संघर्ष भए गरेकै कारण २०७२ को संबिधान सबैको साझा हुन् सकेन । क्रान्तिहरु अधुरा रहेपछी, साथीहरु म मा निकै छटपटी रह्यो । त्यो अधुरा रहेको क्रान्ति पुरा कसरी हुने भन्ने बारेको चिन्ता र चासो यँहाहरुले पनि महसुस गर्नुभएकै छ ।

यसै सन्दर्भमा, हिमाल, पहाड, तराईका उत्पीडित समुदायलाई समेट्दै सदभावना पार्टी, राष्ट्रिय जनता पार्टी हुँदै जनता समाजवादी पार्टीको निर्माण गरियो। यी पार्टीहरुको निर्माण पनि साझा अभियान अगाडी बढाउने ध्येय केन्द्रित नै थियो तर, नेतृत्व तहमै रहनु भएका केहि साथीहरु दीर्घकालीन रूपमा पार्टी टिकाउने वा संघर्ष अगाडी बढाउने नियत राख्न नसकेपछि, वि.सं. २०८० फागुन १४ मा साझा विचार र लक्ष्य भएका व्यक्तिहरूलाई नयाँ अभियानको थालनीको निम्ति आह्वान गरे। अभियान अगाडी बढिरहदा राजनैतिक संघर्षको निम्ति राजनैतिक पार्टीको आवश्यक हुन् गयो । राष्ट्रिय मुक्ति क्रान्ति अगाडि बढाउँदै गोर्खाली सत्ताको औपनिवेशिकता अन्त्य र बहुलराष्ट्रिय राज्य स्थापनाको लक्ष्यसहित राष्ट्रिय मुक्ति पार्टी नेपाल गठन भयो, जसले उत्पीडित जनताको पक्षमा क्रान्तिकारी नेतृत्व प्रदान गर्ने उद्देश्य राख्छ।




## राजनीतिक प्रतिवेदन

**२. समकालिन राजनीतिको स्थिति र विचारधारात्मक विकास**

**क. वर्तमानको अन्तर्राष्ट्रिय परिस्थिति**

दोस्रो विश्वयुद्धपछि पश्चिमी शक्तिहरूले आधुनिकिकरणलाई पश्चिमाकरणको रूपमा अघि बढाए। यसले उदारवाद र मार्क्सवादलाई शीतयुद्ध मार्फत सम्पूर्ण विश्वमा फैलाउने प्रयास गर्‍यो। शीतयुद्धले विश्वलाई दुई ध्रुवमा विभाजित गर्‍यो। पश्चिमी उदारवादी ध्रुवले ब्रिटेनहुड संस्थाहरूको माध्यमबाट विश्व व्यवस्था कब्जा गर्न सफल हुँदा सोभियत ध्रुवले सन् १९९० मा विभाजन र पराजय बेहोर्नुपर्‍यो।

सोभियत संघको पतनपछि राजनीतिक वैज्ञानिकहरूले नयाँ विश्व व्यवस्थाका सिद्धान्तहरू प्रस्तुत गरे। फ्रान्सिस फुकुयामाले उदारवादको एकल विजय भएको दाबी गरे भने उनका गुरु स्यामुयल पि. हन्टिङटनले सभ्यता र संस्कृतिका आधारमा विश्व व्यवस्था विभाजित हुने दाबी गरे। उनका अनुसार आठ महाशक्तिहरू-पश्चिमी (क्रिश्चियन), सिनिक (चिनियाँ), हिन्दू (भारतीय), इस्लाम, अफ्रिकी, परम्परागत (रसियन), ल्याटिन, र जापानी सभ्यताहरूबीच टकराव नयाँ विश्व व्यवस्थाको आधार हुनेछ।

यसैबीच, सिंगापुरका राजनीतिक वैज्ञानिक किशोर मेहबुबानीले पश्चिमी शक्तिहरू विजयको उत्सव मनाइरहँदा बाँकी विश्वले शक्ति सञ्चय गरिरहेको र गैरपश्चिमी सभ्यताको उभार आएको तर्क गरे। अमेरिकी राजनीति अहिले व्यापारमुखी दृष्टिकोणबाट निर्देशित हुँदैछ, जसले गैरपश्चिमी राष्ट्रहरूको शक्ति विस्तारलाई गति दिएको छ।

२१औं शताब्दीलाई “एसियाको शताब्दी“ भनिन्छ। चीन, भारत, जापान, दक्षिण कोरिया, इन्डोनेसिया, र मध्यपूर्वका उदयले यो तथ्यलाई पुष्टि गरेको छ। चीनले आफूलाई सभ्यतामूलक राज्यको रूपमा दाबी गर्दै भारतसँग साझेदारी गरी एसियाली युगको उदय गराएको छ। पश्चिमी संस्थाहरूको प्रभाव घट्दै जाँदा युरोप र अमेरिकामा आन्तरिक संकटहरू बढेका छन्। ट्रम्पको उदय, नेटोको प्रभावक्षमता घट्नु, र अफ्रिकी-अमेरिकी नागरिक आन्दोलनजस्ता घटनाहरूले पश्चिमी राष्ट्रहरूको गिर्दो शक्ति झल्काउँछ।

दोस्रो विश्वव्यवस्था निर्माणमा भारतको नेतृत्व महत्वपूर्ण बनेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले विश्वगुरुका रूपमा आफ्नो छवि स्थापित गर्दै वैदिक मूल्यमा आधारित सभ्यतामूलक राजनीति अघि बढाएको छ। भारतले सन् २०३० सम्म तेस्रो ठूलो अर्थतन्त्र र सन् २०५० सम्म दोस्रो ठूलो अर्थतन्त्र हुने लक्ष्यसहित ग्लोबल साउथको नेतृत्व गरिरहेको छ।

पश्चिमी दबदबा कमजोर हुँदै गैरपश्चिमी राष्ट्रहरूको शक्ति विस्तारले एसिया केन्द्रित नयाँ विश्व व्यवस्थाको उदय सुनिश्चित गरेको छ। नेपाल जस्तो राष्ट्रका लागि बहुलराष्ट्रिय स्वरूपतर्फको रुपान्तरण अनिवार्य भएको तथ्य यी विश्व परिवेशहरूले स्पष्ट पार्छ।

**ख. राष्ट्रिय परिस्थिति**

विश्वमा असफल भइसकेको कम्युनिष्ट विचारधाराको आधारमा सत्ता चलाइरहेका थोरै मुलुकहरूमध्ये नेपाल पनि एक हो। सोभियत संघको पतन (सन् १९९०) पछि मार्क्सवाद समाप्त भएको भए पनि नेपालका माओवादीहरूले वि.सं. २०५२ पछि सत्ता प्राप्तिको सीढीका रूपमा प्रयोग गरे । गणतन्त्र स्थापनापछि पनि यो प्रक्रिया वास्तविक रूपमा गोर्खाली राज्यको बलियो पुनर्स्थापनामा सीमित रह्यो ।

नेपालमा मधेसी, आदिवासी जनजाति, र दलित समुदायले पटकपटक संघर्ष गरे। संविधान निर्माण प्रक्रियामा सरकारले थुप्रै सम्झौताहरू गरेको भए पनि तिनलाई संविधान २०७२ मा बेवास्ता गरियो। यो संविधानले ऐतिहासिक गोर्खाली औपनिवेशिक संरचनालाई वैधानिकता दिएको छ। संविधानले विविधताको सम्मान नगरी यहाँका आदिवासी जनजातिलाई “मासिन्या मतवाली” तथा मधेसीलाई “विदेशी” को रूपमा परिभाषित गरेको छ। दलित समुदाय अझै पनि मानव अधिकार र समानताको वञ्चित अवस्थामा छन्।

**नेपालको वास्तविक द्वन्द्व र राज्यको विफलता**

नेपालको समस्या राज्यधारी खस-आर्य राष्ट्रियता र राज्यविहीन स्वदेशी राष्ट्रियताबीचको द्वन्द्व हो। यस समस्याको समाधान नगरी मुलुकको समृद्धि सम्भव छैन। खस-आर्य नेतृत्वले आफ्ना स्वार्थको रक्षा गर्न भारतविरुद्धको राष्ट्रवादलाई अगाडि सारेको छ। नेपालको बहुराष्ट्रिय विविधतालाई अस्वीकार गर्दै हिन्दु धर्म, पश्चिमीकरण, र कम्युनिष्ट राष्ट्र निर्माणको प्रयोगले देशलाई कंगाल र परनिर्भर बनाएको छ।

काँग्रेस र कम्युनिष्ट पार्टीहरूको म्युजिकल चेयर शैलीको शासनले मुलुकलाई रेमिट्यान्समा निर्भर बनाएको छ। छिमेकीहरूसँग दुश्मनीपूर्ण सम्बन्ध, स्रोतहरूको दोहन, र भ्रष्टाचारले नेपाललाई असफल राज्यको रूपमा स्थापित गरेको छ। संविधानमा समाजवाद उन्मुख राज्य घोषणा भए पनि गरिबी, बेरोजगारी, र बाह्य ऋणको मात्रा दिनदिनै बढ्दै गएको छ।

**वर्तमान राजनीतिक अवस्थाको विश्लेषण**

२०७२ मा संविधान जारी गर्दा नेपाली काँग्रेस र नेकपा एमाले, माओवादी समेतले गोर्खाली राज्यको पुनर्स्थापनाका लागि एकताबद्ध भएका थिए। आजको राजनीति पनि यही परिप्रेक्ष्यमा अघि बढिरहेको छ। केन्द्रमा काँग्रेस र एमालेको गठबन्धन सरकार भए पनि संघीयता कागजी रूपमा सीमित छ। संघीय सरकार आफ्नो पार्टीका आसेपासे र नेताहरूलाई खुसी राख्न केन्द्रित छ।

चीनको सहयोगमा बनेको नेकपा लामो समय टिक्न नसकेको जस्तै, काँग्रेस-एमाले गठबन्धन पनि लामो समयसम्म टिक्ने सम्भावना कम छ । गोर्खाली सत्ता कमजोर बनेसँगै नयाँ बहुलराष्ट्रिय राज्य व्यवस्थाको माग तीव्र बनेको छ।

**समाधान र नयाँ सम्भावना**

नेपालको समस्याको समाधान बहुलराष्ट्रिय लोकतन्त्रमा आधारित राज्य प्रणाली निर्माण गर्नु हो। गोर्खाली राज्यव्यवस्थाले विविधतालाई अस्वीकार गरेर निरन्तर संकट उत्पन्न गरिरहेको छ। विश्वभर बहुलराष्ट्रिय राज्य निर्माणको अभ्यास तीव्र हुँदै गएको परिप्रेक्ष्यमा नेपालले पनि यो बाटो समात्नुपर्ने अनिवार्यता देखिएको छ।

यस परिप्रेक्ष्यमा, राष्ट्रिय मुक्ति पार्टी नेपाल गठन गरिएको छ, जसको उद्देश्य नेपाललाई औपनिवेशिक मानसिकताबाट मुक्त गरी बहुलराष्ट्रिय राज्यमा रूपान्तरण गर्नु हो। यसले सबै राष्ट्रियता, जातीयता, र समुदायलाई समान अधिकारसहित प्रतिनिधित्व गर्ने लोकतान्त्रिक व्यवस्थाको स्थापनामा बल दिनेछ।

नेपालको वर्तमान राजनीतिक, आर्थिक, र सामाजिक संकटको जरो ऐतिहासिक गोर्खाली औपनिवेशिक संरचनामा छ। यसले विविधतालाई सम्मान गर्दै नयाँ बहुलराष्ट्रिय राज्य प्रणालीमार्फत मुलुकलाई समृद्धि र स्थिरतामा पुऱ्याउने अवसरको खाँचो स्पष्ट गरेको छ।

**३. क) समसामयिक राजनैतिक घटनाक्रमको समिक्षा**

नेपालको राज्य संरचना परम्परागत रूपमा गोर्खाली शासकहरूको एकल वर्चस्वमा रहँदै आएको छ, जुन स्वदेशी राष्ट्रका जनताको अस्वीकार र संघर्षबाट मुक्त थिएन। २० औं शताब्दीको उत्तरार्धमा चौथो लहरको राष्ट्रिय मुक्ति क्रान्तिले राज्यव्यवस्थामा ठूलो चुनौती उत्पन्न गर्‍यो। अन्तर्राष्ट्रिय रुपमा संयुक्त राष्ट्रसंघ, मानवअधिकार, लोकतन्त्रजस्ता संयन्त्रहरूले राज्यविहीन राष्ट्रहरूको आवाजलाई सशक्त बनाउँदै लगेका छन्।

हालै ताप्लेजुङको मुकुम्लुङ घटनामा सरकारले गोली प्रहार गरी राज्य आतंक सृजना गरेको छ, जसको विरोध नेपालभित्र मात्र नभई अन्तर्राष्ट्रिय रूपमा पनि उठिरहेको छ । मधेशलगायत अन्य उत्पीडित राष्ट्रका आवाज सशक्त बन्दै गएकाले गोर्खाली शासकहरू रक्षात्मक स्थितिमा पुगेका छन् । तथापि, उनीहरू आफ्नो शक्ति गुम्न नदिन विभिन्न रणनीतिहरू अवलम्बन गरिरहेका छन् ।

वि.सं. २०६३ को जनआन्दोलनपछि उत्पीडित राष्ट्रहरूको संघर्षले गति लिएको भए तापनि, शासक वर्गले षड्यन्त्रपूर्वक दोश्रो संविधानसभा मार्फत आफ्नो शक्ति पुनःस्थापित गर्दै २०७२ को संविधान जारी गर्‍यो। संविधान जारी गर्ने क्रममा मधेश लगायतका क्षेत्रमा हिंसा भड्काइएको थियो। गोर्खाली सभ्रान्तहरूले विकासको नाममा प्राकृतिक स्रोतको दोहन, सत्ताको केन्द्रीकरण, भ्रष्टाचार, र आम जनताको विस्थापनलाई निरन्तरता दिइरहेका छन्। देश राजनीतिक रूपमा अस्थिर छ, आर्थिक रूपमा ऋणको भारीमा दबिएको छ, युवाहरू विदेशिन बाध्य छन्, र भ्रष्टाचार मौलाउँदै गएको छ। पोखरा र भैरहवा विमानस्थलजस्ता आयोजनाहरू कमिसनको खेलमा सीमित छन्, जबकि देशको उत्पादन ठप्पप्रायः अवस्थामा छ। ठूला काण्डहरू बाहिरिएका छन्, तर दोषीहरू कारबाहीको दायरामा आएका छैनन्।

यस अवस्थाबाट मुक्त हुन राज्यविहीन राष्ट्रका जनताहरूले राष्ट्रिय मुक्ति क्रान्तिको मार्ग अवलम्बन गर्नुपर्ने जरुरी छ। यो परिवर्तन केवल सरकार वा दल परिवर्तनबाट सम्भव छैन, बरु समग्र उत्पीडित राष्ट्रहरूको एकताबाट मात्र सम्भव छ। राष्ट्रिय मुक्ति पार्टी नेपालले यही संघर्षको नेतृत्व गर्ने प्रतिबद्धता व्यक्त गर्दछ, जसले सबै उत्पीडित राष्ट्रहरूलाई समान प्रतिनिधित्व सहितको साझा नेपाल निर्माणतर्फ अघि बढाउनेछ।

**३. ख) सरकारको नीति र कार्यहरूको विश्लेषण**

(१) ताप्लेजुङको फुङलिङ नगरपालिका-११ मा अवस्थित पवित्र मुकुलुंग (पाथीभरा) क्षेत्रमा केवलकार निर्माणको विरोधमा उत्रेको ’नो केवलकार समूह’ माथि २०८१ माघ १२ गते साँझ सशस्त्र र जनपथ प्रहरीले बर्बर दमन एवं अन्धाधुन्ध गोली फायर गरिएको घटना भ्रत्सनायोग्य छ । यस गोलीकाण्डमा यामबहादुर लिम्बू, सगुन लावती, धर्मान पालुङ्वा र मंगल लावती गम्भीर घाइते भएका छन् । हामीले शीघ्र स्वास्थ्यलाभको कामना गर्यौं । हाम्रो पार्टीले घटनाको बिरोध गर्यो र आन्दोलनमा पनि सहभागी भयो । रैथाने परम्परा अनुसार नै यसको पुजा, आराधना हुनु पर्दछ भन्ने माग लिएर धर्नामा बसेका आन्दोलनरत निहथ्था जनताहरु उपर सरकारले बर्बरता पुर्बक बल प्रायोग, बन्दुकको गोली प्रहार गरेर दमन गर्न सक्छु भनेर कल्पना गर्नु व्यर्थ छ । प्राकृतिक स्वरूपमा रहेका यस्तो पवित्र स्थललाई अस्थिरता र विनाशतर्फ धकेल्ने कुनै पनि प्रयासलाई हामी दृढताका साथ अस्वीकार गर्दछौं । फागुन ८ गते पद यात्राको क्रममा हामि त्यहाँ गएर एतिहासिक पद यात्रा सम्पन्न गरेका छौं । त्यसैदिन पार्टीका नेताहरु एवं वाई आइ एल का साथीहरुले दृढता एवं साहसी पुर्वक संघर्षको अगुवाई गर्नुभएको छ । यसै संघर्षको परिणाम स्वरूप ८ गते राति ११ बजे स्थानीय प्रशाशन र आन्दोलनकारी बीच केवलकार निर्माण कार्य स्थगित गर्ने सहमती भयो । तर यस पश्चात बदला लिने मनसायले यस केवलकार पक्षधर अर्थात सरकार पक्ष हामि माथि गरेको अन्याय, बर्बर दमनको जति भ्रत्सना गरे पनि कम हुन्छ । हाम्रा पार्टीका केन्द्रिय सदस्य अनुप सुब्बा सहित दर्जनौं पदयात्रीहरुलाइ गिरफ्तार गरिएको छ । दर्जनौं गम्भीर घाइते भएका छन् । केवलकार खारेज नहुन्जेल हाम्रो संघर्ष जारी रहने छ । न्यायपूर्ण एवं आस्थापूर्ण क्रान्ति नझुकेको छ, न त कहिल्यै झुक्ने छ ।

(२) नेपाल सरकारले ६ वटा अध्यादेश जारी गरी प्रतिनिधि सभा र राष्ट्रिय सभामा अनुमोदनका लागि पेश गरेको छ । सरकारले वैधानिक अधिकारको दुरुपयोग गरेको छ । अहिलेको सरकार शासन संचालन नियन्त्रित एवं स्वेच्छाचारिता ढंगबाट गर्न चाहेको स्पष्ट भएको छ । सरकार देश र जनताको सुख-दुःख भन्दा स्वार्थ समूहको सहजताका लागि संसद् बन्द गरेर चोर बाटोबाट अनुकुल कानुन बनाइरहेको छ । मधेस एवं आदिवासीजनजाती आन्दोलनको बखत तत् तत् आन्दोलनलाई दमन गर्दै नेपालको संविधान २०७२ जारी गर्यो । यसको लक्ष्य नै एकल नस्लिय चरित्र एवं नियतलाई अझै संस्थागत गर्नु थियो । त्यस बखतदेखि नै राज्य आफ्नो औपनिवेशिक चरित्रलाई झनै बलियो गर्न बिभिन्न नियम कानुन एवं संस्थाहरु निर्माण गर्ने, अझ मजबुत बनाउन निरन्तर प्रयास गर्दै आएको छ । यसैको कडी स्वरूप

बाँकी ४ पृष्ठमा

# हाम्रो...

नेपाल सरकारले हालै ल्याएको अध्यादेशहरु र विधेयक जनविरोधी तथा देश हितप्रतिकूल छ । देश र जनताको सुख-दुःखभन्दा स्वार्थ समूहको सहजताका लागि संसद् बन्द गरेर चोर बाटोबाट आफु अनुकुल कानुन बनाएर संसदमा पारित गराउन मोलतोल गर्दैछन् । अध्यादेश आएको प्रक्रिया, समय र कन्टेन्टले र सामाजिक संजाल सम्बन्धि फौजदारी कानुनको नाममा जनतालाई तर्साउन सरकार स्वेच्छाचारिता एवं निरंकुस उन्मुख भएको प्रष्ट देखिन्छ । उपरोक्त सबै कानुन एवं संस्था एकल नस्लिय गोर्खाली राज्यलाई अझै मजबुत, केन्द्रित, निरंकुश बनाउने तथा अधिनायकवाद लाद्नेतर्फ केन्द्रित छ ।

(३) "भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश"ले जग्गाको परिमाण र क्षेत्रको सीमा नतोकी बिक्री वा बाँडफाँड गर्ने व्यवस्था गरेको छ। सुकम्बासिलाई जग्गा वितरण गर्ने भनिएको छ तर बन जग्गा कब्जा/अतिक्रमण गर्नेहरुलाई कि बन कब्जा नगरी अन्य कहिँ बाहिर बसी आएको भूमिहीन भन्ने मापदण्ड पनि निश्चित गरिएको छैन । केहि बर्ष अगाडी उपलब्ध तथ्यांकअनुसारको सुकम्बासीको समस्या मात्रै समाधान गर्ने हो भने पनि कुनै बन जंगल, मध्यवर्ती क्षेत्र बाकि रहला जस्तो देखिएन । यसले घरजग्गा व्यवसाय, अव्यवस्थित बसोबास, र जग्गा विकास गरी घडेरीमा घर निर्माण गरी बिक्री गर्ने प्रवृत्तिलाई बढावा दिने देखिन्छ। यसले सार्वजनिक जग्गा, नदी, खोला, वन, राष्ट्रिय निकुञ्ज, गौचर, हाटघाट, सडक छेउको जग्गा, र बुट्यान क्षेत्रलाई अतिक्रमण गरी अवैध बसोबास गर्नेलाई प्रोत्साहन दिने र अझै पुरस्कृत गर्ने देखिन्छ। यसले वन विनाश, पर्यावरण र जैविक विविधतामा नकारात्मक असर पार्ने, आन्तरिक बसाईसराई र आप्रवासनमा वृद्धि गरी भविष्यमा द्वन्द्वको सृजना गर्न सक्नेछ। चुरिया क्षेत्रमा यसले गम्भीर असर पारी मधेशलाई पूर्णत मरुभूमिमा परिणत गर्न सक्नेछ। यदि यो अध्यादेश पारित भयो भने, भ्रष्टाचारी, कमिशन खोर, दलाल, सरकार नजिकका व्यक्तिहरू, ठूला रियल स्टेट व्यापारी, र आवास कम्पनीहरूलाई मात्र फाइदा हुनेछ। वास्तविक आदिवासीलाई जल जंगल जमिन बाट अलग गरी बाह्य अतिक्रमणलाई प्रोत्साहन गर्ने तिर लक्ष्यित छ । यो आइ एल ओ १६९ बिपरित छ । राज्यको भूमिहीन, सुकुम्बासीप्रति अलिकति पनि प्रेम छैन । भएको भए यसअघि समस्या समाधानका निम्ति बनाइएका २६ वटा आयोगले के गर्यो त ? के कति समस्या समाधान भए, पहिला स्वेत पत्र जारी होस् । अन्यथा, यो अध्यादेश आफ्ना बिचोलिया पोस्ने, कमिशन खानेतर्फ मात्र होइन अन्यत्रैबाट बसाईसराई वृद्धि गराई त्यहाँका स्वदेशी (मधेशी, थारु, आदिवासी)लाई विस्थापन गर्न, लखेटन केन्द्रित रहेको प्रमाणित हुनेछ ।

(४) सुशासन सम्बन्धी अध्यादेशले सरकारी कर्मचारीहरूको नियुक्ति, स्थानान्तरण, पदोन्नतिमा पारदर्शिता कम गरी राजनीतिक हस्तक्षेप बढाउन केन्द्रित छ । त्यस्तै, आर्थिक तथा व्यवसायिकसम्बन्धि अध्यादेशले पर्यावरणीय मानकहरूलाई कमजोर पारी प्राकृतिक स्रोतहरूको दोहन बढाउन केन्द्रित छ । नीजिकरण अध्यादेशले सरकारी संस्थानहरूको निजीकरण गरी सार्वजनिक सम्पत्तिहरू निजी हातमा पुर्याउन केन्द्रित छ । त्यसैगरी सामाजिक सञ्जालसम्बन्धि विधेयक आलोचनात्मक आवाजहरूलाई दबाउन केन्द्रित रहेको छ । कठोर सजाय वा जरिवानासहित अस्पष्ट भाषामा लेखिएको कानुनले नियन्त्रण बढाउने, सत्ताधारी पार्टीको स्वेच्छाचारिता हुने तथा बोलेकै, लेखेकै वा अरू कसैको पोस्ट लाइक वा शेयर गरेकै भरमा कसैलाई थुन्ने वा कारबाही गर्ने कानुन ल्याउनु भनेको सरकारले सामाजिक संजाललाई दमनकारी औजारको रुपमा प्रयोग गर्न खोजेको छ ।

(५) मुलुकभरिका ठूला सहकारी संस्थाहरूले मात्रै सर्वसाधारण बचतकर्ताको खरबौं रुपैयाँभन्दा बढी अपचलन गरेको तथ्य भेटिएको छ । खासगरी लामो समयदेखि सत्तारुढ राजनीतिक दलको आवरणमा भएको सहकारी ठगीमा उनीहरुमाथि पनि राज्यले कार्यवाही भन्दा पनि उन्मुक्ति दिने कुत्सित मनसायले सहकारी सम्बन्धि अध्यादेश आएको छ । १० रोपनी १४ आना जग्गा प्रधानमन्त्री तथा सत्तारूढ दलले नै अनुचित ढंगले प्राप्त गरेको छ, एम्नेष्टिले यसलाई भ्रष्टाचार भनेको छ । गिरीबन्धु, वाइडवडी, ललिता निवास, क्यान्टोनमेन्ट, यती, सुनकाण्ड, भुटानी शरणार्थी काण्ड, प्रिन्टिंग प्रेस खरीद प्रकरण, ओम्नीजस्ता भ्रष्टाचारको काण्ड सेटिंगमा मिलाउन कांग्रेस एमालेको संयुक्त सरकार बनेको हो भन्ने हाम्रो ठहर रहेको छ । के पी ओली प्रधानमन्त्री भएको तीन महिना (साउन-असोज)मा मात्रै देशको सार्वजनिक ऋण ८८ अर्ब ९४ करोड रुपैयाँले बढेको छ । योसँगै नेपाली जनताको थाप्लोमा २५ खर्ब २३ अर्ब तीन करोड सार्वजनिक ऋण पुगेको छ । तीनवर्षे अघिल्लो कार्यकालमा पनि यो ऋण दोब्बरले बढेको थियो । उपरोक्त सबै ऋण लिनु आवश्यक थियो थिएन ? उपरोक्त रकमको सदुपयोग दुरुपयोग के भयो ? नेपाली जनताले सबैको हिसाब खोजिरहेको छ । सहकारी प्रकरणमा रबि लामिछाने मात्रलाइ दोषी देखाएर बाकि सबै प्रकरणलाई ढाकछोपको षड्यन्त्र नेपालि जनतालाई स्वीकार्य छैन । नेपाली जनता सबै दोषीहरुलाई कठघरामा उभ्याउन चाहन्छ । देश डुबाउने एवं देश बेचुवाहरुबाट वाक्कदिक्क भएका नेपाली जनता उनीहरुबाट देशलाई मुक्त गराउन चाहन्छ । सहकारीसम्बन्धी अध्यादेशले सहकारी संस्थाहरूको स्वायत्तता कम गरी सरकारी नियन्त्रण बढाउन केन्द्रित छ भने सहकारी ठगीमा संलग्न आफ्ना व्यक्तिहरूलाई चोख्याउने, उन्मुक्ति दिने कुत्सित नियत झनै खतरनाक छ ।

## ४. विभिन्न आन्दोलनहरूको समिक्षा

विश्व राजनीति परिवर्तन गर्ने अमेरिकी स्वतन्त्रता संग्रामले समानता र स्वतन्त्रताको अवधारणा अघि बढाइरहँदा नेपालमा पृथ्वीनारायण शाहको दैविक शासन स्थापित हुँदै थियो। फ्रान्सेली राज्य क्रान्तिले स्वतन्त्रता, समानता र बन्धुत्वको वकालत गर्दा नेपालका स्वदेशी राष्ट्रहरू–तामाङ, नेवाः, किरात, लिम्बु, मगर, गुरुङ आदि आफ्नो स्वशासन गुमाउँदै थिए।

वि.सं. २००७ को क्रान्तिले नेपालमा राणाशासन अन्त्य गरी उदारवादी राज्य निर्माणको बाटो खोल्यो, जसको नेतृत्व नेपाली कांग्रेसले गर्यो। तर, यस आन्दोलनमा राज्यविहीन राष्ट्रहरूका नेताहरूको योगदान उपेक्षित गरियो। त्यहि भएर तराई कांग्रेस नेपालमा मधेशको हकहितका लागि संगठित रुपमा स्थापना भएको थियो । २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि पनि मधेशीहरूको अवस्था नबदलिएको महसुस गर्दै राम जनम तिवारी, रघुनाथ ठाकुरहरुले मधेशी पहिचानका लागि बैचारिक पहल गरे, संघर्षको संखनाद गरे । महेन्द्रको कु पश्चात नेपाली कांग्रेस कमजोर हुँदै गयो, र २०४७ को संविधानसम्म आइपुग्दा कम्युनिस्ट आन्दोलन पटकपटक विभाजित भइसकेको थियो। पंचायतभरी बाबा रामजनम तिवारी, रघुनाथ ठाकुर, साकेतचन्द्र मिश्र, सत्यदेवमणी तृपाठी, दुर्गानन्द झा, लक्ष्मी नारायण झाहरू लगायतले संघर्ष गर्दा राज्यले हत्या गर्यो ।

कम्युनिस्ट आन्दोलनको उदय मार्क्सवाद-लेनिनवादको प्रभावबाट भएको थियो। झापा समूहबाट उठेको एमाले शक्तिशाली बन्यो भने माओवादीले जनयुद्धको माध्यमबाट संघीयता र पहिचानको मुद्दा स्थापित गर्यो। तर, शान्ति प्रक्रियापछि माओवादीले आफ्ना मुद्दा त्याग्दै सत्तामा रूपान्तरण भयो, जसका कारण राज्यविहीन राष्ट्रहरूको समर्थन गुमायो। पंचायत बिरुद्धको संघर्षमा दुर्गानन्द झाले राजा महेन्द्रको शासनकालमा राजा बिरुद्ध चेतावनी स्वरूप विस्फोटको प्रयास गरी विरोध गरेका कारण उनलाई मृत्युदण्ड दिइयो। रामराजा प्रसाद सिंह नेपालमा गणतन्त्रको संस्थापक विचारधाराका एक प्रमुख अगुवा थिए। उनले निरंकुश राजतन्त्रविरुद्ध सशस्त्र विद्रोहको अवधारणा अघि सारे। तर अपसोच देशको पहिलो राष्ट्रपतिको उम्मेदवार भएर पनि उनी निर्वाचित हुन् सकेन ।

मधेश आन्दोलनले २००८ सालदेखि निरन्तर संघर्ष गर्दै आएको छ। संघीयता र पहिचानको मागसहित अघि बढेको यो आन्दोलनले २०६३ पछि निर्णायक मोड लियो। २०६३ पछि मधेशमा विभिन्न सशस्त्र समूहहरूको जन्म भयो। जनतान्त्रिक तराई मुक्तिमोर्चा, तराई सेना, मधेशी टाइगर्सजस्ता समूहहरूले राज्यसँग हतियार सहित भिडन्त गरे। २०६४ तिर बिभिन्न भूमिगत संगठनहरु एकीकृत भएर मधेस राष्ट्र जनतान्त्रिक पार्टी क्रान्तिकारी निर्माण भयो र पहिलो पटक बहुल राष्ट्र राज्य नेपाल बन्नुपर्छ भन्ने एजेन्डा अगाडी सार्यो तर, सरकारले सबै समुहलाई निर्ममता पुर्वक दमन गर्यो, थुप्रैको हत्या गरियो, थुप्रै जेलमा थुनिए । पहिलो मधेस जन बिद्रोह पछी खुलेका मधेशी जन अधिकार फोरम लगायत बिभिन्न पार्टी छिन्नभिन्न हुदैं अवसरवाद, वैचारिक अन्योल र विभाजनका कारण कमजोर बन्न पुग्यो।

२०७२ सालमा कैलालीको टिकापुरमा थारू समुदायको आन्दोलनको क्रममा हिंसात्मक घटना घट्यो। यसै बहानामा थारुहरु उपर राज्यको चरम दमन भयो । आदिवासी जनजाति आन्दोलनले लामो समयदेखि गोर्खाली राज्यसत्ता विरुद्ध संघर्ष गरिरहेको छ। लिम्बुवान, मगरात, ताम्सालिङ, थरुहट लगायतका क्षेत्रीय आन्दोलनहरू पुनर्जागृत हुँदैछन्। संयुक्त राष्ट्रसंघमा आदिवासी अधिकारको अन्तर्राष्ट्रिय पहिचानले यस आन्दोलनलाई सशक्त बनाउने भूमिका खेलेको छ। माओवादी विद्रोहमा यस आन्दोलनको बलियो आधार रह्यो, तर माओवादीले सत्ता प्राप्तिपछि मूल मुद्दा बिसाएपछि यो आन्दोलन एनजिओवाद र आतंकवादको दोधारमा फस्यो।

तर, हालैका संघर्षहरू-मुकुम्लुङको याक्थुम आन्दोलन, ढोरपाटनको मगर आन्दोलन, कैलालीको थारु आन्दोलन, बोझेनीको तामाङ आन्दोलन आदि-ले यसलाई पुनः सशक्त बनाउँदै लगेका छन्। राष्ट्रिय मुक्ति क्रान्तिले यी आन्दोलनहरूलाई एकीकृत गर्दै राज्यविहीन राष्ट्रहरूको अधिकार स्थापित गर्ने नयाँ सम्भावना पैदा गरिरहेको छ।

## ५. प्रमुख पार्टीहरूको राजनीतिक चरित्र र पोजिसन सम्बन्धमा

नेपालमा स्वदेशवादी विचारधारा अवलम्बन गर्दा, प्रतिश्पर्धी (विरोधी) र सहयोगी (मित्र) शक्तिहरूको स्पष्ट पहिचान गर्न आवश्यक छ। विगतदेखि हालसम्मका राजनीतिक दल र तिनको भूमिका हेर्दा नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीहरूले देशको संरचनागत समस्यालाई समाधान गर्नुभन्दा सत्तामा टिकिरहन र आर्थिक दोहनमा ध्यान केन्द्रित गरेका छन् । यसै सन्दर्भमा, तिनीहरूको वैचारिक र व्यवहारिक अवस्थालाई ध्यानमा राख्दै मित्र र विरोधी शक्तिहरूलाई निम्न अनुसार वर्गीकृत गर्न सकिन्छः

### ५. (क) नेपाली कांग्रेस

नेपाली कांग्रेस हाल क्लासिकल लिबरल्स को स्वरूपमा सीमित छ, जसले न बहुसांस्कृतिक सुधारको पक्षपोषण गर्छ, न त सामाजिक न्यायको परिप्रेक्ष्यलाई स्वीकार्छ । यसले अझै पनि एकलसांस्कृतिक राष्ट्र-राज्यको अवधारणा अंगालेर आफ्नो वर्णीय-वर्गीय स्वार्थ सुरक्षित राख्न चाहन्छ ।

राजनीतिक रूपमाः यो शक्ति दक्षिणपन्थी ध्रुवमा खुम्चिएको छ, अनुदार कन्जर्भेटिभ दृष्टिकोण अँगाल्दै लोकतन्त्रलाई केवल औपचारिक र सीमित दायरामा सीमित गराएको छ ।

अर्थराजनीतिक दृष्टिलेः दलाल र नोकरशाही पूँजीवादलाई अंगाल्दै, अन्तर्राष्ट्रिय नवसाम्राज्यवादप्रति झुकेको छ। यसले राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनेभन्दा परनिर्भरता सिर्जना गरिरहेको छ।

सामाजिक-सांस्कृतिक रूपमाः जातीय, लैङ्गिक, क्षेत्रीय, र सामुदायिक समानताका मुद्दाहरूमा पूर्णतः अनुदार र असहिष्णु छ ।

निष्कर्षतः- नेपाली कांग्रेस २१औं शताब्दीको राष्ट्रिय मुक्तिको प्राथमिक विपक्षी शक्ति हो र यसलाई सोहि रूपमा व्यवहार गरिनुपर्छ ।

### ५. (ख) नेपाल कम्युनिष्ट पार्टी ( एमाले)

एमालेले प्रारम्भमा उत्पीडित जाति-वर्गको प्रतिनिधित्व गर्ने दाबी गरे पनि हाल यो नवपूँजीवादी र मध्यम वर्गीय स्वार्थमा फसेको पार्टी बनेको छ ।

सैद्धान्तिक विचलनः कम्युनिस्ट वैचारिकताबाट टाढा रहेर पूँजीवाद र अवसरवादको मिश्रण भएको यो पार्टीले स्पष्ट नीति निर्माण गर्न असफल भएको छ। यद्दपी कम्युनिष्ट बिचारधारा नै बिश्वब्यापी रुपमा असफल सिद्ध भैसकेको छ । एक त असफल बिचारधारा अर्को उक्त विचारधाराबाट पनि अलग भएको हुदा यो गुठ सबै भन्दा बढी अवसरवादी भएको छ ।

राजनीतिक अस्थिरताः अवसरवादी चरित्र प्रदर्शन गर्दै, आफ्नो अस्तित्व जोगाउन जुनसुकै सम्झौता गर्न पछि पर्दैन ।

उत्पीडित राष्ट्रियताप्रतिको दृष्टिकोणः संविधान सभा र राज्यविहीन राष्ट्रका मुद्दामा नकारात्मक भूमिका खेलेपछि, यस पार्टीभित्र रहेका उत्पीडित राष्ट्रियताका नेता-कार्यकर्ताले सम्बन्ध बिच्छेद गरेका छन्। त्यो सम्भावना अझै व्यापक छ ।

निष्कर्षः हाल यो पार्टी स्वदेशी जनताको अधिकारलाई दबाउने र राष्ट्रिय मुक्तिको आन्दोलनलाई समाप्त पार्ने दिशामा अग्रसर छ। एमाले, आफ्नो अस्थिर र अवसरवादी नीतिका कारण, राष्ट्रिय मुक्तिको लागि सबैभन्दा खतरनाक शक्ति हो। यसलाई प्रमुख प्रतिश्पर्धी शक्तिको रूपमा चिन्हित गर्दै, यसको प्रतिरोधमा विशेष ध्यान दिन आवश्यक छ ।

### ५. (ग) नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र)

२०५२ सालबाट जनयुद्ध सुरु गर्दै तत्कालीन नेकपा (माओवादी) ले वर्ग संघर्ष र राष्ट्रिय मुक्तिलाई समाहित गर्ने प्रयास गरेको थियो । यो दलले प्रचण्डपथको माध्यमबाट २१औं शताब्दीको जनवादलाई नेपाली सन्दर्भमा संश्लेषण गर्दै जनयुद्धलाई उच्चतम स्तरसम्म पुऱ्यायो । तर, हेटौंडा महाधिवेशनपछि यो पार्टी निम्नपूँजिवादी संशोधनवाद मा फस्दै गयो।

जनयुद्धको ऐतिहासिक भूमिकाः २०५९ सालसम्म जनयुद्धले देशभित्र र बाहिर जनसमर्थन बटुल्दै ठूलो प्रभाव पारेको थियो । राष्ट्रिय/जातीय मुक्तिका सवाल जनयुद्ध ताका अत्याधिक उठाए पनि अन्तरिम संबिधान निर्माण बखत ति सबै मुद्धाको बिसर्जन गर्न पुगे भने २०७२ को संबिधान निर्माण ताका यो प्रचण्ड आफै पनि दाहाल मात्रै बने । सारा मुद्धाहरुको बिसर्जन गरे । पछी त झन् पार्टी नेतृत्वले सत्तास्वार्थका लागि जनयुद्धका बलिदानहरूलाई केवल उपयोगी औजार का रूपमा प्रयोग गऱ्यो ।

वर्तमान अवस्थाः तत्कालिन प्रचण्ड र बाबुरामको नेतृत्वले १७,००० नागरिकहरूको बलिदानलाई हाल प्रयोगको रूपमा हेर्न थालेपछि पार्टीप्रति उत्पीडित जाति-वर्गका जनताहरूको विश्वास गुमेको छ। यो पार्टी अहिले वर्ग संघर्ष र राष्ट्रिय मुक्तिको कुनै पनि पक्षलाई निष्कर्षमा पुऱ्याउने इच्छाशक्ति वा क्षमता राख्दैन । माओवादी केन्द्रले सत्तास्वार्थको लागि अवसरवाद अपनाउँदै आफ्ना आदर्शहरूलाई त्यागेको छ। यसले उत्पीडित जनताको विश्वास गुमाउँदै गएको छ र राष्ट्रिय मुक्तिको आन्दोलनलाई झन् कमजोर बनाएको छ । यो पार्टीमा राष्ट्रिय मुक्ति हुन्छ कि भनेर लागेकाहरु छोडदै गएका छन् जुन भविष्यमा अझै बढ्दै जाने छ ।

### ५. (घ) अन्य कम्युनिस्ट शक्तिहरू

**नेकपा (एकीकृत समाजवादी)ः**

यो दल केपी ओलीसँगको व्यक्तिगत विवादका कारण एमालेबाट फुटेर बनेको हो । विचारधाराको दृष्टिबाट एमालेलाई बुझ्यो भने यो पनि उस्तै हो बुझ्न गाह्रो छैन, नेतृत्वको दृष्टि मात्रै फरक हो । यसको कुनै स्पष्ट विचारधारा वा दीर्घकालीन योजना छैन ।

**नेकपा (विप्लव)ः**

एक समय उग्र वामपन्थी धारमा रहेको यो शक्ति अहिले संसदीय राजनीतिमा प्रवेश गर्ने दिशामा छ। यसले पनि राष्ट्रिय संघर्षलाई केवल उपयोगवादका रूपमा प्रयोग गरिरहेको छ ।

आजका कम्युनिस्ट शक्तिहरू-एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, वा विप्लव-सबैजसो आफ्नो वर्गीय र राष्ट्रिय संघर्षलाई स्पष्ट रूपमा परिभाषित गर्न असमर्थ छन् । यी सबै शक्तिहरू सत्तास्वार्थका लागि अवसरवादी बनेका छन् । यथार्थ के हो भने कम्युनिष्ट विचारधाराबाट राष्ट्रिय मुक्ति सम्भव नै छैन । हाम्रो पार्टीको दृष्टिकोणले कम्युनिस्ट शक्तिहरूलाई प्राथमिक प्रतिद्वन्द्वीका रूपमा हेर्नुपर्छ। सशक्त वैचारिक र रणनीतिक तयारीमार्फत यी शक्तिहरूलाई चुनौती दिन आवश्यक छ ।

### ५. (ङ) मधेशी राष्ट्रिय मुक्ति शक्तिहरू

मधेशी राष्ट्रिय मुक्ति शक्तिहरूले ऐतिहासिक रूपमा विश्वव्यापी राष्ट्रिय मुक्ति आन्दोलनबाट प्रेरणा लिएका भए पनि, ती निम्नपूँजीवादी अवसरवादबाट गहिरो रूपमा प्रभावित भएका छन् । यी शक्तिहरूको उदय मधेशको सामाजिक-राजनीतिक स्थितिबाट मात्र होइन, उत्तर-जनयुद्धकालीन विशेष रणनीतिक आवश्यकताबाट पनि भएको देखिन्छ ।

**मधेश आन्दोलनको ऐतिहासिक पृष्ठभूमिः**

२०४० को दशकदेखि गजेन्द्र नारायण सिंह लगायत मधेशी नेताहरूको नेतृत्वमा मधेशको राष्ट्रिय मुक्ति आन्दोलनको जग निर्माण भएको थियो । तर, यो आन्दोलनलाई सैद्धान्तिक, संगठनात्मक र क्रान्तिकारी रूप दिनका लागि पर्याप्त तयारी भएन । सदभावना पार्टीको रुपमा पछी मैले पनि नेतृत्व गरे तर पनि बिस्तृत कार्य योजना एवं सैद्धान्तिक एवं बैचारिक योजना पनि बनाउन नसकेकोले शक्ति निर्माण हुन् नसकेको यथार्त हो । अन्तरिम संबिधान बनाउने क्रममा मधेश बिद्रोह शुरु भयो । शुरुमा माओवादी निकट रहेको मधेशी जनाधिकार फोरम नेपाल पछी उसैको बिरुद्ध २०६३/६४ को गौर विद्रोह हुन् पुग्यो । यो विद्रोहले तत्कालीन नेकपा (माओवादी) को एकाधिकारलाई चुनौती दियो र नेपाली राष्ट्रिय मुक्तिको आन्दोलनलाई गैर-माओवादी कोणबाट उठाउने कोसिस गऱ्यो ।

**मधेशी शक्तिहरूको विडम्बनाः**

गौर विद्रोहले मधेशी आन्दोलनलाई राजनीतिक मान्यता दिलाएको भए पनि, त्यसपछिका मधेशी नेतृत्वहरू निम्नपूँजीवादी अवसरवादमा फसे । यी शक्तिहरू सैद्धान्तिक र राजनीतिक दृष्टिकोणबाट कमजोर देखिए र केवल स्वार्थी नेताहरूको झुन्डमा सीमित हुदैं गए, प्राप्त उपलब्धि पनि संस्थागत गर्न सकेनन ।

आगामी दिशाः मधेशी राष्ट्रिय मुक्ति शक्तिहरूले आफ्नो पुनरुत्थानका लागि निम्न बुँदामा ध्यान दिनुपर्छः

ड्ड सैद्धान्तिक स्पष्टताः स्पष्ट विचारधाराबाट निर्देशित क्रान्तिकारी मार्ग अपनाउन आवश्यक छ ।

ड्ड संगठनको पुनर्गठनः सिंगो राष्ट्रिय मुक्ति आन्दोलनमा समाहित हुने क्रान्तिकारी नेतृत्व विकास गर्नुपर्छ ।

ड्ड सामाजिक समावेशिताः मधेशका विविध समुदायहरूको प्रतिनिधित्व गर्दै आन्दोलनलाई समावेशी बनाउनुपर्छ ।

ड्ड राजनीतिक संकल्पः स्वार्थी अवसरवादको अन्त्य गरी दीर्घकालीन उद्देश्यका लागि संघर्ष गर्नुपर्छ ।

मधेशी राष्ट्रिय मुक्ति शक्तिहरूले आफ्नो विगतका त्रुटिहरूलाई आत्मसात गर्दै क्रान्तिकारी नयाँ नेतृत्व र योजना निर्माण गर्न सकेमात्रै आफ्नो ऐतिहासिक भूमिका पुनः स्थापित गर्न सक्छन् । यो आन्दोलनले सिंगो राष्ट्रिय मुक्ति क्रान्तिसँग सहकार्य गर्दै अघि बढ्नुपर्ने अपरिहार्यता बुझ्न जरुरी छ ।

### ५. (छ) अन्य राष्ट्रिय मुक्ति आन्दोलनहरू

मधेश राष्ट्रिय मुक्ति आन्दोलन बाहेक, हिमाल र पहाडका राज्यविहीन राष्ट्रहरूले नेतृत्व गरेको विभिन्न राष्ट्रिय मुक्ति आन्दोलनहरू लामो समयदेखि सक्रिय छन् । तर, यी आन्दोलनहरू आन्तरिक रूपमा विभाजित, राजनीतिक रूपमा कमजोर, र प्रभावहीन देखिएका छन् ।

**यी आन्दोलनहरू कमजोर हुनुको कारणहरूः**

ड्ड गैरराजनीतिक चिन्तनको प्रभुत्वः यी आन्दोलनहरूमा वैज्ञानिक राजनीतिक दृष्टिकोणको अभाव छ । नेताहरूमा संघ-संस्था (ल्न्इ) मानसिकता हावी छ, जसले उनीहरूलाई राष्ट्रवादी चेतना विकास गर्नबाट रोक्छ ।

ड्ड मनोगत चिन्तनको शिकारः आन्दोलनका नेताहरू क्रान्तिकारी र शत्रुको बीचमा वस्तुनिष्ठ विभाजन गर्न असमर्थ छन् । यो अवैज्ञानिक सोचका कारण आन्दोलनहरू दिशाहीन बनेका छन् ।

ड्ड आन्दोलनहरूको उपयोगवादी स्वरूपः धेरैजसो नेता तथा कार्यकर्ताहरूले आफ्ना निम्नपूँजीवादी आकांक्षा पूरा गर्न आन्दोलनलाई सानो समूहमा सीमित राख्छन्। यी समूहहरूले राज्यसँग बार्गेनिङ गर्ने, सहुलियत प्राप्त गर्ने, र व्यक्तिगत फाइदाका लागि आन्दोलनलाई उपयोग गर्ने प्रवृत्ति देखाउँछन् ।

ड्ड बार्गेनिङ मोडेलको प्रभावः यस प्रकारका आन्दोलनहरूमा सहभागी नेताहरू आफ्नो समूहलाई राष्ट्रको वास्तविक प्रतिनिधि ठान्छन् । सानो स्तरको आन्दोलन गर्दै, उनीहरू राज्यसँग सहमति गर्दै व्यक्तिगत लाभ उठाउँछन् । यसले आन्दोलनहरूलाई निरन्तर निम्नपूँजीवादी स्वार्थका जालोमा फस्न बाध्य बनाएको छ ।

संघर्षको प्रस्ताव एवं आन्दोलनको भविष्यः यदि यी आन्दोलनहरूलाई क्रान्तिकारी स्वदेशी चेतना र राष्ट्रिय मुक्ति क्रान्तिको स्पष्ट दृष्टिकोणले निर्देशित गरिएन भने, ती आन्दोलनहरू पटक-पटक राज्यसँग बार्गेनिङ गर्न मात्र सीमित रहनेछन् । अन्ततः आन्दोलनहरू अर्थहीन हुने र विसर्जनमा टुंगिने जोखिम रहन्छ ।

**समस्याको समाधानः**

हामीले राष्ट्रिय मुक्ति आन्दोलनहरूलाई सुदृढ बनाउनका लागि महान बहस सुरु गरेका छौं। यो बहसले निम्न आधारमा आन्दोलनको पुनर्निर्माण गर्न लक्ष्य राख्छः

(क) सैद्धान्तिक तयारीः आन्दोलनहरूलाई वैचारिक रूपले सशक्त बनाउन लामो आन्तरिक बहस गरी वैज्ञानिक राजनीतिक अवधारणाको निर्माण। सैद्धान्तिक अवधारणालाई एक दस्तावेजको रूपमा निर्माण भएको छ ।

(ख) स्वदेशी चेतनाको विकासः आइएनजिओ (ल्न्इ) सोचबाट मुक्त गर्दै, राष्ट्रिय स्वाभिमान र राज्यत्वको दाबी गर्ने चेतना विकास ।

(ग) एकीकृत संगठन एवं आन्दोलनको उठानः मधेश लगायत सम्पूर्ण उत्पीडित राज्यविहीन राष्ट्रहरु एकैसाथ आन्दोलन गर्न सक्ने अवस्था बनाउनु पर्छ । पार्टी वा मोर्चा सो दिशामा अघि बढ्नु पर्छ ।

राष्ट्रिय मुक्ति आन्दोलनहरूलाई क्रान्तिकारी विचार, स्वदेशी चेतना, र वैज्ञानिक दृष्टिकोणले सशक्त बनाउन आवश्यक छ। सैद्धान्तिक, संगठनात्मक, र राजनीतिक तयारीले मात्र यी आन्दोलनहरूलाई प्रभावकारी बनाउँदै राष्ट्रको वास्तविक मुक्तिको दिशामा अघि बढाउन सक्छ।

**(ज) पपुलिस्ट आन्दोलनहरूः**

विश्वव्यापी रूपमा चौथो लहरको राष्ट्रिय मुक्ति क्रान्तिको प्रभावले परम्परागत दलहरूप्रति विशेषतः युवा र बौद्धिक जमातमा निराशा पैदा गरेको छ । यसै परिवेशमा पपुलिस्ट शक्तिहरूको उदय भएको देखिन्छ । यी शक्तिहरू मूल कारण पहिचान गर्नभन्दा पनि समस्या समाधानका सतही उपायहरू अघि सार्ने प्रवृत्तिका हुन्छन् । तिनले वर्तमान राज्य व्यवस्थालाई रूपान्तरण गर्नुभन्दा त्यसका कमजोरीहरू सुधार्ने प्रयास गर्छन्, जसकारण तिनीहरू क्रान्तिकारी शक्ति नभई यथास्थितिवादी धारका प्रतिनिधि हुन् ।

नेपालमा हालसालै उदय भएका राष्ट्रिय स्वतन्त्र पार्टी तथा केही स्वतन्त्र व्यक्तिहरू पपुलिस्ट विचारधाराका उदाहरण हुन् । तिनीहरूले "योग्यहरूले शासन गर्नुपर्छ" भन्ने अवधारणालाई प्रवर्द्धन गरे तापनि नेपालमा विद्यमान औपनिवेशिक शासकीय संरचनाभित्रै यो सम्भव छ भन्ने भ्रममा छन् । उनीहरूले राज्यविहीन राष्ट्रका जनताको सार्वभौमिकता र आत्मनिर्णयको अधिकारबारे मौनता साँध्नुका साथै विद्यमान शासक शक्तिसँग सहकार्य गर्दै औपनिवेशिक प्रवृत्तिलाई बल पुऱ्याउने रणनीतिमा सहभागी भएकाले तिनीहरूको दृढ प्रतिकार गर्न आवश्यक छ ।

**(झ) संवर्द्धनशक्तिः**

गोर्खाली राष्ट्रराज्यको दैवीक शासन अवधारणालाई निरन्तरता दिन खोज्ने संवर्द्धनवादी शक्तिहरूको केन्द्रमा पूर्वराजा ज्ञानेन्द्र रहेका छन् । तिनीहरूले सैनिक तथा अन्य शक्तिहरूलाई उत्तेजित गर्दै गणतन्त्रलाई उल्टाउने प्रयास गरिरहेका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) यस प्रवृत्तिको राजनीतिक प्रतिनिधि भए पनि, नयाँ नेपालको सन्दर्भमा यसको भूमिका अस्पष्ट देखिन्छ । तिनीहरूको प्रस्तावना, राज्य संरचनासम्बन्धी अवधारणा र व्यवहारिक रणनीति अन्योलपूर्ण रहेको छ, जसका कारण तिनीहरू सशक्त शक्तिभन्दा पनि अवसरवादी समूहको रूपमा मात्र क्रियाशील देखिन्छन् ।

राप्रपाले सरकारमा संलग्न हुँदै अवसरवाद देखाउनु र उग्र हिन्दू राष्ट्रवाद(वर्णाश्रम धर्म) को नारा मार्फत आफ्नो उपस्थिति प्रमाणित गर्नु नै यसको प्रमुख चरित्र हो । यस्तो प्रवृत्तिले सशक्त राजनीतिक दिशा दिन नसक्ने भएकाले यसप्रति सचेत रहनु आवश्यक छ ।

## ६. आन्तरिक समीक्षा

नेपालका उत्पीडित जाति-वर्गका जनताहरूको संघर्षले सामाजिक, सांस्कृतिक, राजनीतिक, तथा आर्थिक उत्पीडनका मुद्दाहरूलाई राष्ट्रिय राजनीतिक बहसको केन्द्रमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। यद्यपि, यसले अपेक्षित रूपमा राजनीतिक शक्ति हासिल गर्न सकेको छैन । यसको प्रमुख कारण कार्यनीतिक कमजोरीभन्दा रणनैतिक कमजोरी हो, किनभने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिहरू अनुकूल हुँदाहुँदै पनि राष्ट्रिय मुक्ति आन्दोलन सफल हुन सकेको छैन । आत्मगत तयारी र वैचारिक स्पष्टताको अभावले कमजोर रणनीति जन्माएको छ, जसका कारण उठाइएका मुद्दाहरू प्रभावकारी रूपमा स्थापित हुन सकेका छैनन् ।

**(क) वैचारिक अस्पष्टता**

नेपालमा संघीय लिम्बुवान राज्य परिषद्, तामाङ सालीङ स्वायत्त राज्य परिषद्, मधेश आन्दोलनजस्ता संघर्षहरू आन्दोलन, संगठन, र विचारको रूपमा स्वतःस्फूर्त रूपमा विकास भए, तर ती कुनै स्पष्ट राजनीतिक सिद्धान्तमा आधारित रहेनन्। राष्ट्रिय जनमुक्ति पार्टीले समेत निर्दिष्ट विचार, योजना, वा संगठनात्मक स्पष्टता बिना ३० वर्ष बिताएको उदाहरण यसैको पुष्टि हो।

हामीले यी कमजोरीहरूलाई सम्बोधन गर्दै "स्वदेशवाद" लाई राज्यको सिद्धान्तका रूपमा अघि सारेका छौं । शासन प्रणालीका रूपमा बहुलराष्ट्रिय लोकतन्त्र, संघीयता, तथा सामुदायिक समाजवाद प्रस्ताव गरेका छौं, जुन १९९० पछिका दक्षिण अमेरिकी राष्ट्रिय मुक्ति आन्दोलनहरूबाट प्रेरित छ । तथापि, हाम्रो पार्टीमा वैचारिक प्रशिक्षण तथा स्पष्ट रणनीतिसहितको नेतृत्वको अभाव नै मुख्य चुनौती रहँदै आएको छ । क्रान्तिको सफलता सही दार्शनिक दृष्टिकोणमा निर्भर हुन्छ । यदि क्रान्तिको दार्शनिक आधार गलत रह्यो भने, इतिहासको गलत व्याख्या हुन जान्छ, जसले गलत राजनीतिक यात्रा तय गराउँछ । गलत राजनीतिक दृष्टिकोणले आर्थिक समस्याहरू समाधान गर्न असफल हुन्छ, र अन्ततः आन्दोलन अवसरवादमा परिणत हुने खतरा रहन्छ। तसर्थ, स्पष्ट विचार, सशक्त नेतृत्व र ठोस रणनीतिक तयारी अहिलेको प्रमुख आवश्यकता हो ।

**(ख) सांगठनिक समस्या**

नेपालको राष्ट्रिय मुक्ति क्रान्तिका संगठनहरूले प्रायः कम्युनिस्ट क्याडर-आधारित संरचनाको अनुकरण गरेका छन् । शक्ति केन्द्रिकृत प्रणाली, अध्यक्षमुखी निर्णय प्रक्रिया र चाकडी प्रवृत्तिलाई आत्मसात् गर्नुले क्रान्तिलाई कमजोर बनाएको छ । दक्षिण अमेरिकामा १९८०-९० को दशकमा भएका आन्दोलनहरूलाई हेर्दा यस्तो संरचनाले गम्भीर क्षति पुऱ्याउने देखिन्छ ।

हाम्रो संगठन परम्परागत सत्तावादी

बाँकी पृष्ठ ५ मा

# हाम्रो...

प्रवृत्तिमा अल्झनुबाट मुक्त हुन आवश्यक छ। प्रभावकारी संगठनका लागि चुस्त संरचना, सरल निर्णय प्रक्रिया, र उत्तरदायी कार्यान्वयन प्रणाली आवश्यक छ। संगठनमा जिम्मेवारीको वितरण विचार, लक्ष्य, र समर्पित नेतृत्वका आधारमा हुनुपर्छ। केवल पद लिने, स्वेच्छाचारिता फैलाउने र अवसरवादी प्रवृत्तिहरूलाई संस्थागत गर्ने प्रणालीले क्रान्ति सफल हुन सक्दैन।

**(ग) कार्यशैलीको समस्या**

२१औँ शताब्दीको राष्ट्रिय मुक्ति क्रान्ति केवल राजतन्त्र र मार्क्सवादको विरुद्ध मात्र नभई नवउदारवादी प्रभावका विरुद्ध पनि उभिनुपर्छ। तर, पार्टीभित्र व्याप्त चाकडी संस्कृति, ढिलासुस्ती, षड्यन्त्र, आर्थिक अपचलन, पदलोलुपता, र योजनाहरूलाई असफल बनाउने प्रवृत्तिले संगठनलाई कमजोर बनाएको छ।

यी समस्याहरूलाई नियन्त्रण गर्न कडा अनुशासन आवश्यक छ। संगठनलाई उत्पादनशील, प्रभावकारी र क्रान्तिको अपेक्षा अनुसार कार्यक्रम बनाउन नेतृत्वले उच्च नैतिकता अपनाउनु आवश्यक छ।

**(घ) व्यवस्थापनको समस्या**

क्रान्तिको सफलता सुनिश्चित गर्न आर्थिक तथा भौतिक व्यवस्थापन मुख्य प्राथमिकतामा रहनुपर्छ। पार्टी संगठनलाई आवश्यक स्रोतसाधन उपलब्ध गराउने दीर्घकालीन योजना आवश्यक छ। आर्थिक व्यवस्थापनमा कमजोरी आयुन्जेल लक्ष्य प्राप्ति ढिला हुनुका साथै रणनीतिक परिवर्तनको आवश्यकतासमेत पर्नेछ, जसले अनावश्यक समय र जनशक्तिको क्षति निम्त्याउन सक्छ।

यसकारण, संगठनलाई आत्मनिर्भर बनाउने, आर्थिक स्रोत सुनिश्चित गर्ने र लक्ष्य-केन्द्रित व्यवस्थापन प्रणाली विकास गर्नु अहिलेको अपरिहार्य आवश्यकता हो।

**७. पार्टी निर्माण प्रस्तावना**

इतिहासमा, राजतन्त्रात्मक व्यवस्थामा सार्वभौम सत्ता दैवी अवधारणामा आधारित थियो, जहाँ राजा-महाराजाहरू सर्वोच्च शासक मानिन्थे। लोकतान्त्रिक व्यवस्थाको विकाससँगै जनताले सार्वभौम सत्ता राजनीतिक दलहरू मार्फत प्रयोग गर्ने व्यवस्था स्थापित भयो। यसैले, राजनीतिक दलहरूको अस्तित्व र भूमिकाले लोकतन्त्रको स्थायित्व सुनिश्चित गर्ने ऐतिहासिक महत्व राख्दछ।

राजनीतिक दलहरूको प्राथमिक लक्ष्य आफ्ना सदस्यहरूको चुनावी सफलता सुनिश्चित गर्दै विधायिका र कार्यपालिका मार्फत समाजको व्यवस्थापन गर्नु हो। समाज विभिन्न राष्ट्र, वर्ग र स्वार्थमा विभाजित भएकाले प्रत्येक दलले फरक सिद्धान्त र रणनीति अंगीकार गर्छ। उदारवादी दलहरूले पूँजीपति वर्गको स्वार्थ संरक्षण गर्दै स्वतन्त्र बजार अर्थतन्त्रलाई प्राथमिकता दिन्छन्, जबकि मार्क्सवादी कम्युनिस्ट दलहरूले सर्वहारा वर्गको हितमा आधारित समाजवादी व्यवस्था स्थापना गर्ने लक्ष्य राख्छन्।

राजनीतिक विचारधाराहरूको अन्तिम लक्ष्य शान्ति स्थापना भए पनि, तिनीहरूको कार्यदिशा फरक हुन्छ। उदारवादले व्यक्तिगत स्वतन्त्रतालाई प्राथमिकता दिन्छ, भने मार्क्सवाद आर्थिक समानतालाई केन्द्रमा राख्छ। तर, यी दुवै दृष्टिकोणहरू समाजको स्थायी शान्ति स्थापना गर्न असफल भए। पूँजीवादी समन्वयात्मक विधिले सामाजिक अन्याय अन्त्य गर्न सकेन र वर्गसंघर्षमा आधारित मार्क्सवादी विधिले नयाँ समाज निर्माणको अपेक्षा पूरा गर्न सकेन।

राष्ट्रिय मुक्ति पार्टी राज्यविहीन राष्ट्रहरूको स्वार्थ संरक्षण गर्दै बहुलराष्ट्रिय लोकतन्त्रको स्थापना गर्ने लक्ष्य राख्दछ। पार्टीले स्वदेशवाद लाई आफ्नो मूल विचारधारा मानेर, राष्ट्रिय आत्मनिर्णय र स्वशासनलाई प्राथमिकतामा राख्दै रणनीति, कार्यनीति, कार्य योजना, तथा कार्यक्रमहरू निर्माण गर्नेछ।

**८. एकीकृत कार्ययोजना**

राष्ट्रिय मुक्ति पार्टीले पारित गरेको राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशा, नीति एवं योजना मुताविक "अभियानमा निरन्तरता, संघर्षमा जोड, विद्रोहको तयारी" भन्ने सिद्धान्तलाई आत्मसात गर्दै चार लक्ष्य, चार काम अन्तर्गत क्रान्तिको अन्तिम चरणतर्फ अघि बढ्ने तयारी गरिरहेको छ। यस अन्तर्गत, वर्तमान सामाजिक, राजनीतिक र आर्थिक संरचनामा तलबाट हस्तक्षेप गर्दै राज्यसत्ता परिवर्तन गर्ने रणनीति अपनाइनेछ।

यस क्रान्तिको सुरुवात राज्यविहीन राष्ट्रहरूको संघर्षलाई आधार बनाई केही ग्रामीण क्षेत्रहरूमा आधार क्षेत्र निर्माण गर्दै गरिनेछ। क्रमशः, यो आन्दोलन अन्य भागहरूमा विस्तार हुँदै राजधानी तथा अन्य शहरी केन्द्रहरूमा हलचल उत्पन्न गर्ने गरी अघि बढ्नेछ। यस क्रममा, ग्रामीण सत्ता सामूहिकता तथा सहकारी प्रणालीमार्फत स्वदेशीकरण गरिनेछ, जसले स्थानीय स्वशासनलाई बल दिनेछ।

शान्तिपूर्ण आन्दोलन प्राथमिकता हुनेछ, तर यदि राज्यले हिंसात्मक दमनको बाटो अपनाएमा, परिस्थितिअनुसार प्रतिरोध गर्ने अधिकार सुरक्षित राखिनेछ। हाम्रो विद्रोह सत्ताको मात्र होइन, विकल्पसहितको विद्रोह हुनेछ, जसमा स्वशासनको अभ्यास गर्दै आफ्नै ऐतिहासिक सत्ताको पुनर्स्थापना गरिनेछ।

सामाजिक-सांस्कृतिक, आर्थिक र राजनीतिक रूपान्तरणलाई समेट्दै एकीकृत कार्ययोजना कार्यान्वयन गरिनेछ।

सामाजिक-सांस्कृतिक पक्ष: सिमान्तीकृत समुदायहरूको इतिहास, ज्ञान र संस्कृतिको पुनः मूल्यांकन, पुनर्संरचना, र पुनःस्थापना। "राष्ट्रिय सिमान्तिकरण विरुद्ध अभियान नेपाल" लगायत मार्फत राष्ट्रिय चेतना निर्माण गर्ने।

आर्थिक पक्ष: आधार तह: प्रत्येक राष्ट्रअन्तर्गत सामुदायिक सहकारीहरू स्थापना गर्ने। उच्च तह: जनताको स्वामित्वमा रहने सार्वजनिक संस्थानहरूको निर्माण गर्ने। स्वशासनलाई बल दिन आर्थिक स्रोत साधनहरूको नियन्त्रण बढाउने।

राजनीतिक पक्ष: स्वदेशी स्वशासनको स्थापनाका लागि बहुलराष्ट्रिय विद्रोह को नेतृत्व गर्ने।

**चार लक्ष्य, चार काम**

**चार लक्ष्य**

ड्ड सहमति फिर्ता गराउने: औपनिवेशिक राज्यसंयन्त्रहरूको वैधतालाई अस्वीकार गर्दै राज्यविहीन राष्ट्रहरूको असहमति उजागर गर्ने।

ड्ड काउन्टर मोडल निर्माण गर्ने: परम्परागत प्रशासनिक व्यवस्थालाई पुनर्संरचना गर्दै वैकल्पिक स्वशासन प्रणाली विकास गर्ने।

ड्ड सेवा क्षेत्र समुदायको हातमा दिने: राज्यद्वारा प्रदान गरिने सेवाहरू स्थानीय समुदायकै स्वामित्वमा लैजाने।

ड्ड एकीकृत चेतना निर्माण गर्ने: साझा विचारधारा, मनोविज्ञान र सैद्धान्तिक आधार तयार गर्ने।

**चार काम**

ड्ड वैचारिक कार्य: स्वदेशवादको आधारमा वैचारिक प्रशिक्षण केन्द्रहरू स्थापना।

ड्ड राजनीतिक कार्य: बहुलराष्ट्रिय राज्य स्थापनाका लागि संघर्ष।

ड्ड आर्थिक कार्य: ५०० अर्ब डलरको आत्मनिर्भर अर्थतन्त्र निर्माण।

ड्ड साँगठानिक र संघर्षको काम: पार्टीका बिभिन्न संरचना निर्माण, राष्ट्रिय परिषदहरुको निर्माण, अग्रदास्ताको निर्माण, कमाण्ड र त्यस अन्तर्गत व्यूरो तथा विशेष व्यूरोलाई सकृय रुपमा गठन गर्ने।

यस रणनीतिको कार्यान्वयनले राज्यविहीन राष्ट्रहरूको स्वशासन स्थापना गर्दै नयाँ शक्ति संरचना निर्माण गर्नेछ, जसले स्वतन्त्रता, समावेशीकरण, र आर्थिक समानतालाई सुनिश्चित गर्नेछ।

हाम्रो कार्यदिशा र नीति एवं योजना बमोजिम उपरोक्त योजना अनुरुप कार्य गर्न नै पार्टीको निर्माण भएको हो। र सोहि अनुरुप आफ्नो गतिबिधि अगाडी बढाएको छ।

**९. पार्टी/संगठन एवं कार्यक्रम र गतिविधिहरूको समीक्षा**

राष्ट्रिय मुक्ति पार्टी नेपाल देशका लागि एउटा नयाँ राजनीतिक विकल्पका रूपमा सशक्त विचारधारासहित अगाडि बढिरहेको छ। देशका जनताले नयाँ र सार्थक राजनीतिक विकल्पको खोजी गरिरहेका छन्। यही आवश्यकताअनुसार हामी सबै-मधेशी, थारू, पहाडका आदिवासी जनजाति, विभिन्न संगठन, संस्था, र व्यक्तिहरूलाई एकजुट गर्दै संघर्षको माध्यमबाट नयाँ शक्तिको निर्माणतर्फ अग्रसर छौं। अहिलेसम्म गरेका संघर्षहरू तथा अभियानहरूले पार्टी निर्माणको उद्देश्य, वैचारिक सिद्धान्तहरू, र दस्तावेजले निर्दिष्ट गरेको दिशा निर्देश अनुरुप रहेको छ। जस्तै :-

हामीले अहिलेसम्म यसका लागि संक्षिप्तमा निम्नलिखित मुख्य मुख्य कार्यहरू गरेका छौं, जसका परिणामस्वरूप निम्नलिखित उपलब्धिहरू प्राप्त भएका छन्।

मिति कार्य उपलब्धि

२०८० फागुन १४ गते (२६/०२/२०२४) सबै उत्पीडित समुदाय एकीकृत भएर संघर्ष गर्नुपर्छ भनेर राष्ट्रिय मुक्ति क्रान्तिको निम्ति मैले सार्वजानिक आह्वान गरे

देश र विदेशमा यस आह्वानको पक्ष बिपक्षमा व्यापक प्रतिक्रिया देखियो, मुख्यतः सबै उत्पीडित समुदायमा नयाँ आशा र खुशी जगायो, बिभिन्न प्रतिक्रियाहरु आयो।

२०८० फागुन १६ गते (२८/०२/२०२४) माइतीघर मण्डेलामा निषेधित क्षेत्र विरुद्ध प्रदर्शन, राष्ट्रिय मुक्ति क्रान्ति अभियान सडक बाटै घोषणा, पहिलो दिनमै म संयोजक (राजेन्द्र महतो) घाइते य स घटनाले हाम्रो राष्ट्रिय मुक्ति क्रान्ति अभियानलाई अचानक राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा घोषणा संगै चर्चाको विषय बनायो।

२०८० फागुन २६ गते जनकपुरमा विशाल प्रदशन एवं संवाद कार्यक्रम

काठमाडौं पछि मधेसको यो पहिलो कार्यक्रम थियो। यस कार्यक्रमले मधेशमा पनि पार्टीको प्रभाव ब्यापक रहेको प्रमाणित भयो र थप प्रभावको बाटो खोल्यो।

२०८० फागुन २८ गते

हेटौंडामा विशाल प्रदशन एवं संबाद कार्यक्रम काठमाडौं पछि पहाडको अन्य ठाउँमा पनि प्रभाव रहेको यो कार्यक्रमले प्रमाणित गर्यो र तामांगको बिचमा पार्टीको प्रभावको बाटो खोल्यो।

२०८० चैत्र १६ गते मलंगवामा विशाल जनप्रदर्शन र संवाद कार्यक्रम

जनकपुर पछी मलंगवाको कार्यक्रमले मधेशमा राष्ट्रिय मुक्ति क्रान्तिको थप प्रभाव बिस्तार गर्यो।

२०८० चैत्र २१ गते (०३/०४/२०२४) हेटौंडामा आदिवासी तामाङको विशाल जनप्रदर्शन तामाङ आदिवासी क्षेत्रहरूमा पार्टीको चर्चा बढ्यो र यसलाई तामाङ मुक्तिका लागि संघर्ष गर्ने वास्तविक पार्टीको रूपमा हेरिन थालियो।

२०८० चैत्र २४ गते (०६/०४/२०२४) काठमाडौंमा नेवार, तामाङ सहित आदिवासीहरूको प्रदर्शन, माइतीघरमा निषेधित क्षेत्र विरुद्ध ठूलो विरोध प्रदर्शन, पुलिस दमन एवं धरपकड

कार्यक्रमका क्रममा लामा (गुरु) माथि व्यापक दमन भयो र ११ आन्दोलनकारीहरू गिरफ्तार भए। यसै आन्दोलनको दबाबमा सरकारले निषेधित क्षेत्र हटाउन बाध्य भयो।

२०८१ बैशाख १७ गते (२९/०४/२०२४) माइतीघर मण्डेला (फिब्ब ख:) काठमाडौंमा सांस्कृतिक अतिक्रमण विरुद्ध सांस्कृतिक प्रतिरोध निषेधित क्षेत्र हटाएपछि गिरफ्तार बन्दीहरूलाई रिहा गर्न विभिन्न समुदायका सांस्कृतिक समूहहरूले माइतीघरमा लगातार प्रदर्शन गरे।

२०८१ जेठ ५ गते (१८/०५/२०२४) काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा "१०१ कार्यक्रम"को योजना सार्वजनिक गरियो। यस योजनामा संवादात्मक कार्यक्रम, प्रशिक्षण र ५ प्रमुख प्रदर्शन कार्यक्रमहरू तय गरियो, जसमा दाङ, बुर्तिवाङ, विराटनगर, लालबन्दी, फेदीम (पाँचथर) र धरान (सुनसरी) मुख्य केन्द्र थिए। कार्यक्रमलाई योजनाबद्ध तरिकाले केही विशिष्ट उद्देश्यहरूलाई ध्यानमा राखेर अगाडि बढाइयो। संवादात्मक कार्यक्रमहरू मार्फत राष्ट्रिय मुक्ति क्रान्तिको आवश्यकता र औचित्य बुझाउने प्रयास गरियो। केही प्रशिक्षण कार्यक्रमहरू आयोजना गरियो, साथै केही सार्वजनिक प्रदर्शनहरू पनि गरियो। यस प्रचारात्मक कार्यक्रम मार्फत सम्पूर्ण देशमा अभियानलाई अगाडि बढाउन सहयोग मिल्यो।

२०८१ जेठ १२ गते (२५/०५/२०२४) पाँचथर जिल्लाको फिदिममा प्रदर्शन एवं सभा फिदिम, जुन लिम्बुवानको कोर क्षेत्र हो, त्यहाँ पार्टीको कार्यक्रमका कारण लिम्बुवानमा पार्टीप्रति विश्वास बढ्यो।

२०८१ जेठ १९ गते (०१/०६/२०२४) धरानमा ठूलो सडक मोटरबाइक प्रदर्शन लिम्बुवान र मधेशलाई मिलेर अगाडि बढ्नुपर्ने सन्देश दिइयो, जसले पार्टीमा ठूलो संख्यामा जनजातीय युवाहरू सामेल हुन प्रेरित भए।

२०८१ जेठ २१ गते (०३/०६/२०२४) दाङमा सांस्कृतिक प्रतिरोध कार्यक्रम आयोजना थारु, मगरका सांस्कृतिक समूहहरूले संयुक्त प्रदर्शन गरे, मधेशी बाहेक थारु र मगर पहिचान सहित एकसाथ हुने सन्देश दिइयो।

२०८१ जेठ २६ गते (०८/०६/२०२४) विराटनगरमा प्रदेश पुनःनामकरण र सीमांकनका लागि ठूलो प्रदर्शन

पूर्वको "नो कोशी" आन्दोलनको प्रमुख स्टक होल्डरको रूपमा पार्टी स्थापित भयो।

२०८१ जेठ २९ गते (११/०६/२०२४) बुर्टिबाङमा ढोरपाटनको मुद्दामा ठूलो प्रदर्शन मगर समुदायको पितृभूमिमा प्रतिबन्ध विरुद्धको व्यापक प्रदर्शनले पार्टीको मगर समुदायमा पहुँच बढायो। मगरात क्षेत्रका जिल्लाहरूमा यसको सकारात्मक प्रभाव पर्यो।

२०८१ असार १ गते (१५/०६/२०२४) लालबन्दीमा पहाडी-मधेशी एकता प्रदर्शन अबको आन्दोलन संयुक्त रूपमा हुने सन्देश दिइयो, साथै मधेश आन्दोलनसँग पहाड र पहाडसँग मधेश एकजुट रहने सन्देश दिइयो।

२०८१ असोज १ गते पार्टी निर्माणको घोषणा, राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशा, र त्यसको पुरकको रुपमा क्रान्तिको नीति तथा योजनाको विस्तृत खाका पारित। केन्द्रीय समितिको बैठकबाट राजनैतिक पार्टी निर्माणको घोषणा र पार्टी एवं संघर्ष तथा मुक्तिको योजनाको निम्ति बुद्ध छिरिंग मोक्तानद्वारा प्रस्तावित राष्ट्रिय मुक्ति क्रान्तिको राजनीतिक कार्यदिशा र सन्तोष मेहताद्वारा प्रस्तावित राष्ट्रिय मुक्ति क्रान्तिको नीति एवं योजना प्रस्तावित एवं पारित।

**उपरोक्त कार्यक्रमका असरहरू**

१. "राष्ट्रिय मुक्ति पार्टी नेपाल"को दलको रुपमा गठन, २५०० सदस्यीय महासभा गठन, केन्द्रिय समिति निर्माण, ७७ जिल्ला संयोजक आदि चयन, राष्ट्रिय मुक्ति पार्टी नेपालको गठनमा विभिन्न जातीय(राष्ट्रका) र क्षेत्रीय समूहहरूको सहभागिता सुनिश्चित भयो।

२. राष्ट्रिय मुक्ति क्रान्तिको आवश्यकता, नीति सिद्धान्तको व्यापक प्रचार प्रसार, क्रान्ति सम्बन्धी पुस्तिकाहरूप्रति व्यापक आकर्षण।

३. मधेशी र पहिचान पक्षधर समूहहरूको एकजुटता बढ्यो, जसले क्षमता र कार्यकुशलतामा वृद्धि गर्यो।

४. विचारधारा, सिद्धान्त र कार्ययोजनालाई स्पष्ट रूपमा निर्धारण गरियो, जसले भविष्यका योजनाहरूलाई मजबूती दियो।

५. काठमाडौंमा सडक विस्तार र नदी क्षेत्र सीमा विवाद जस्ता मुद्दाहरूमा नेतृत्वको अवसर, विशेष गरी भूमि, संस्कृति हस्तक्षेप विरुद्धका जनसंघर्षमा पार्टी र नेतृत्वप्रति आशा र विश्वास बढ्यो, राष्ट्रिय मुक्ति पार्टीको नेतृत्व सम्पूर्ण देशमा चिनिन थालियो, साझा नेतृत्वको रूपमा स्थापित भयो। जस्तैः-

ड्ड मधेशमा सधैं जलाइरहेको संविधानको २०८१ असोज ३ गते (१९ सेप्टेम्बर २०२४) पहिलो पटक काठमाडौंमा नेवारहरूको बीचमा संविधान दहन,

ड्ड २०८१ मंसिर २ गते (१७ नोभेम्बर २०२४) पूर्व नेपालका सबै पहिचानवादीहरूद्वारा विराटनगरमा ठूलो प्रदर्शन र राष्ट्रिय मुक्ति पार्टीको अध्यक्षलाई प्रमुख वक्ताको रूपमा स्वीकार्यता,

ड्ड केवल मधेशी पार्टी वा मधेशी मोर्चाको पक्षको माहोललाई मिति २०८१ पुष १६ गते (३१ डिसेम्बर २०२४) मधेशी एकता समाजद्वारा आयोजित कार्यक्रमपछि एकाएक सबै पहिचानवादीहरू बीच एक हुने पक्षमा परिणत,

ड्ड यसपछि ८ मधेशी दलहरू बीच निरन्तर सहकार्यको प्रयास तर यस पटक सबै पहिचानवादी एक हुने पक्षमा छलफल केन्द्रित,

ड्ड गजेन्द्र नारायण सिंहको स्मृति दिवसमा हाम्रो पार्टीको निकट गजेन्द्रनारायण सिंह अध्यन केन्द्रको अगुवाइमा माघ १० गते (२३ जनवरी २०२४) सबै मधेशवादी पार्टीका अध्यक्ष सहित नेता र नेतृत्वलाई एक ठाउँमा ल्याउन सफलता र एकै मंचबाट आदिवासी समेत एक भई संघर्ष गर्ने संकल्प,

ड्ड पाथिभारा (मुकुमलुंग) संघर्षमा २०८१ माघ १२ गते (२५ जनवरी २०२४) पार्टीद्वारा कडा भर्त्सना, अन्तर्दलीय संघर्ष समिति निर्माण र पार्टीको मुख्य भूमिका तय, सबै आन्दोलनकारीद्वारा मुख्य भूमिका स्वीकार। त्यसपछी निरन्तर त्यस संघर्षमा हामी छौँ। भरखरै त्यस क्षेत्रमा म लगायतको पार्टीको साथीहरु "मुक्कुमलुंग बचाउ पदयात्रा" सम्पन्न गरेका छौं। जहाँ योंग इन्दिजिनिष्ट लिगको पनि प्रमुख भूमिका थियो।

**१० हाम्रो आगमन युगकै मांग हो**

शाहवंश, राणाशासन, प्रजातन्त्रदेखि गणतन्त्रसम्मको शासनले एकल नस्लीय आत्मगौरवको सत्ता निर्माणको प्रयास गर्यो, जसले विविध संस्कृति र पहिचानलाई दमन गर्यो। यसले गर्दा नै गजेन्द्रनारायण सिंह, गोरेवहादुर खपाङ्गी लगायतका नेताहरूले आआफ्नो स्तरबाट बिद्रोहलाई जन्म दियो, जसले उत्पीडितहरूमा आत्मसम्मान र पहिचानको चेतना जगाए। तर यी आन्दोलनहरू ठोस उपलब्धि दिन सकेनन्। संविधान निर्माणको क्रममा भएको मधेश/थरुहट आन्दोलनलाई पहाडविरोधी, साम्प्रदायिक, भारतप्रेरित भन्ने कुप्रचार गरी दमन गरियो। यस्तै मुस्लिम, दलित, पिछडा वर्गको सामाजिक न्यायको आन्दोलन र लिम्बुवान लगायत आदिवासी जनजातिहरूको पहिचानवादी आन्दोलन पनि सफल हुन सकेन। यी सबै आन्दोलनहरू एकल नस्लीय शासन विरुद्ध थिए, तर सबै अलग अलग भएकाले शासकीय षडयन्त्रको शिकार बने। अब हिमाल, पहाड, तराई-मधेशका सम्पूर्ण उत्पीडित राष्ट्रियताहरू, सुशासन र समृद्धि चाहनेहरू संयुक्त रूपमा वहुल राष्ट्रिय राज्य निर्माणको लागि राष्ट्रिय मुक्ति क्रान्ति (सम्पूर्ण क्रान्ति) गर्नु जरुरी देखियो।

हामि हिजोको दिनमा कुनै न कुनै एउटा पहिचान मधेसी वा लिम्बु वा थारु वा अरु कुनै नाममा बेग्ला बेग्लै संघर्ष गर्यौं। कतिपयलाई अझै पनि अलग अलग संघर्षको आकन्क्षा छ। एकअर्का प्रति अझै अविश्वास पनि छ। एकल नस्लीय चिन्तकहरु फुट डाल राज गर को नीति तहत न मिलोस भनेर अनेक प्रपन्च पनि गरिरहेकै छन्। उनीहरु आफै पनि खाइ पाइ आएको भाग खोसिएला कि भनेर राष्ट्रिय एकता गर्न वा गराउन चाहदैन। तर यसको बिकल्प छैन। कोहि न कोहि देश बचाउन देश बनाउन अगाडी सर्ने पर्थ्यो, यो कार्यभार कोहि न कोहि उठाउनै पर्थ्यो। हामि माथि यो एतिहासिक जिम्मेवारी आइपरेको छ। देश विदेशले यिनीहरु के गर्छन, गर्न सक्छन कि सक्तैनन् भन्ने थोर बहुत आशंका गरे पनि ठुलो भरोषा हामि माथि गरेको महसुस गरिरहेका छौ। देशको र अन्तराष्ट्रिय वर्तमान राजनीतिक, आर्थिक र सामाजिक अवस्था हेर्दा हाम्रो आगमन ठिक समयमा भएको छ, देखाउछ। स्पष्ट कार्यदिशा, नीति एवं कार्य योजना सहित हामि देशमा नयाँ प्रकारको राष्ट्रिय एकता एवं समृद्धिको अभियानमा छौं। यो युगकै मांग हो।

**११. प्रस्तावित संघर्षका कार्यक्रमहरू**

हामि अहिले अभियानको निरन्तरता एवं संघर्षमा जोड र विद्रोहको तयारी गर्ने योजना तय गरिसकेका छौं। यस बखत स्वदेशीय अधिकार हनन भैरहेको र त्यस बिरुद्ध जनताले बिभिन्न अभियान आदी पनि संचालन गरिरहेको आदी विन्दुहरू संघर्ष एवं विद्रोहको निम्ति तय गर्नु र त्यस अनुरुप कार्यनीति एवं योजनाहरु निर्माण गर्नु मुख्य हो।

(क) मुक्कुमलुंग जस्तै देशभरी स्वदेशी जनताको सभ्यता संस्कृति संग पश्चिमा ज्ञानको उपनिवेश राज्यले देशब्यापी दमन चक्र चलाएको छ, जस्तै १नं प्रदेश तिर गिरीबन्धु टी स्टेट भ्रष्टाचार काण्ड, चुरे तथा वन संरक्षण एवम् वेतना सिमसार, ग्राम थान संरक्षण तथा स्वामित्वको सवाल, विजयपुर खानेपानी ट्यांकी निर्माण, अरुण तेश्रो जलविद्युत परियोजना लगायतका छन्। मधेश प्रदेशमा चुरे तथा वन संरक्षणका सवाल, सिकारी वास भूमिहीन तथा बाँदर झुला भंगहा न पा को भूमि सम्बन्धि विवाद, अनधिकृत क्रसर उद्योग सञ्चालन तथा चिनियाँ ठेकेदार कम्पनी मार्फत हुँदै गरेको दोहन राजमार्ग निर्माण गरिरहदा, खुल्ला सिमाना वारिपारिको संकट, किसानका सावालहरु आदी। बागमति प्रदेशमा बोफ्नेनी सवस्टेसन स्थानान्तरण विवाद, चितवन राष्ट्रिय निकुञ्ज समस्या, च्योबाङ्ग क्षेत्रमा चुनढुंगा उत्खनन, बुढी गण्डकी हाई ड्याम विवाद, शिवपुरी जलाधार क्षेत्र तथा हाइ ड्याम विवाद, नेवा गुठी विधेयक, जुगल वलेफी देखि सुनकोशी हाईड्याम (काभ्रे), फास्ट ट्र्याक तथा सडक विस्तार लगायत नदी मापदण्ड सम्बन्धि विवाद, सम्पदा संरक्षण लगायत विशेष क्षेत्र, स्वायत्त क्षेत्र तथा संरक्षित क्षेत्रको विवाद। त्यसैगरी गण्डकी प्रदेशमा दुम्कीवास सवस्टेसन स्थानान्तरण विवाद, बुर्तिबांग (ढोर पाटन शिकार आरक्ष) विवाद, पोखरा अन्तर्राष्ट्रिय विमान स्थल विवाद, नवलपुरका चितवन राष्ट्रिय निकुञ्ज विवाद। लुम्बिनी प्रदेशमा स्वर्गद्वारी गुठी मोहियानी हक सम्बन्धि विवाद, पाल्पा चुरे तथा वनजंगल संरक्षण, स्थानीय तहको संख्या बढाउने सहमति कार्यान्वयनमा दवाव दिने काम, बर्दिया राष्ट्रिय निकुञ्ज लगायत बाँके राष्ट्रिय निकुञ्जले पारेको असर सम्बन्धि मुद्दा, लुम्बिनी विकास कोषका भ्रष्टाचार सम्बन्धि मुद्दा। पूर्वि रुकुम सुदुर पश्चिम प्रदेशमा राना थारुको सवाल, टीकापुर थारु विद्रोहलाई राजनीतिक समाधान दिने सवाल। दार्चुलाका सौकाव्यासी समुदायलाई सिमा वारपार सम्बन्ध विकास गर्ने सम्बन्धि समस्या, कुर्वांचलको मुद्धा, गोदावरी जंगल काटेर प्रदेश राजधानी सार्ने विषय सम्बन्धि विवाद, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले निम्त्याएको उठीवास समस्या। त्यसैगरी कर्णाली प्रदेशमा डोल्पाका यार्सा संकलन विवाद, भूमि सम्बन्धि आदिवासी जनताहरुको विवाद, काक्रेविहार स्तुपा र मन्दिर सम्बन्धि विवाद। आदी। उपरोक्त सबै मुद्धाहरुलाई अब एकीकृत ढंगले अगाडी बढाइनु पर्छ।

(ख) पर्सा राष्ट्रिय निकुन्जबाट प्रभावित व्यक्ति क्षेत्रको मांग सम्बोधन गराउन संघर्षको कार्यक्रम अगाडी बढाउने। चुरे दोहन, गिटी बालुवा उत्खनन, वातावरण तथा बन बिनास बिरुद्ध संघर्ष कार्यक्रम अगाडी बढाउने।

(ग) हाल कायम रहेको संघीय संरचना, सिमांकन, नामांकन एवं अधिकार आदी संघीय प्रणाली अनुकुल नभएको हुदाँ बहुल राष्ट्र राज्य अनुकुल पुनः संरचनाको अभियान एवं संघर्ष अगाडी बढाउने। हालको संविधानले पनि नचिन्ने सिडिओ कार्यालय खारेजीको निम्ति संघर्ष अगाडी बढाउने।

(घ) जनजीविकासंग सम्बन्धित जस्तै, सहकारी पिडित, लघुवित्त पिडित, वैदेशिक रोजगार पिडित, मिटर ब्याज पिडित, उखु किसानको पैसा फिर्ता संघर्ष, मलखाद बिउ विजन सहजरुपमा उपलब्धताको लागी संघर्ष, कवाड व्यवसायीको संघर्षसंग सहकार्य गर्ने। सिमांचलका जनताको समस्या समाधानको निम्ति संघर्ष, आउजाउ सहजताको निम्ति सिमित भन्सारमा दुवै देशका सवारी साधन आउजाउको निम्ति दबाब सृजना तथा भारु - नेरु सटही काउन्टर खोल्नको निम्ति दबाब सृजना गर्ने। सामुदायिक विधालयमा शैक्षिक बिकासका लागी संघर्ष, असारे बिकास प्रवृति बिरुद्ध संघर्ष, नियुक्तिमा राजनैतिक स्वार्थ तथा असामावेशीता बिरुद्ध संघर्ष, दलित खैं जस्ता अभियानलाई सहयोग सहकार्य संगै रिंकु सदा हत्या बिरुद्ध संघर्ष गर्ने। काठमाडौंमा डिप बोरिंग निर्मुल तथा खानेपानी ब्यबस्थापनको निम्ति संघर्ष, आन्दोलनको क्रममा लगाइएका बिभिन्न मुद्धाहरु खारेजीको निम्ति संघर्ष, लागु औषध दुर्बशेवन बिरुद्ध अभियान तथा महिला हिंसा बिरुद्धको अभियानहरु चलाउने। बैंक ब्याजमा र बिधुत महसुलमा लाग्ने अत्याधिक जरिवाना नियन्त्रणको निम्ति संघर्ष लगायतका जन जिविका संग सम्बन्धित संघर्षहरु अगाडी बढाउनु पर्दछ।

(ङ) यस बाहेक सभ्यता संस्कृति संग सम्भंधित मुद्धाहरु, समृद्धि संग सम्बन्धित मुद्धाहरु, ग्राम स्वराज संग सम्बन्धित मुद्धाहरु अगाडी बढाउनु र तततत मुद्धामा संघर्षका योजना अगाडी बढाउनु पर्छ।

नेपालको वर्तमान नागरिकता प्रणाली नागरिक राष्ट्रवाद को सिद्धान्तमा आधारित रहेको छ, जसअन्तर्गत स्वदेशी जनतालाई औपनिवेशिक अवधारणाअनुसार समेट्ने र मौलिक सांस्कृतिक पहिचानलाई विस्थापित गर्ने प्रयास भएको थियो। यसले स्वदेशी समुदायहरूको ऐतिहासिक अस्तित्वलाई कमजोर बनाउँदै आधुनिक नागरिकताका नाममा संस्कृतिकरणको जबरजस्त नीति लागू गरेको देखिन्छ। तर, हाम्रो महान् पुर्खाहरूले यसका विरुद्ध निरन्तर संघर्ष गर्दै आफ्नो पहिचान जोगाइराख्न महत्वपूर्ण योगदान गरेका छन्।

हाम्रो लागि "नेपाली नागरिक राष्ट्रियता" एउटा सम्झौतामात्र हो, जसले भूराजनीतिक रूपमा नेपाललाई एकताबद्ध गर्न भूमिका खेलेको छ। नेपाल अहिले संयुक्त राष्ट्रसंघको चार्टरअनुसार मान्यता प्राप्त सार्वभौम राज्य हो, जसको अस्तित्व विश्व स्तरमा स्थापित भइसकेको छ। तथापि, नेपालको वर्तमान एकल-राष्ट्रिय स्वरूपलाई बहुलराष्ट्रिय राज्यका रूपमा पुनःसंरचना गर्न हामी सङ्गठित भएका छौं।

हामीलाई आधुनिकताको नाममा वैज्ञानिक मानव बनाउने औपनिवेशिक परियोजना अस्वीकार्य छ। त्यसैले, हाम्रो पुर्खाहरूले बनाएको इतिहास, धर्म-संस्कार र संस्कृतिको पुनःस्थापना गर्दै, मानवताको नयाँ परिभाषा खोज्ने २१औँ शताब्दीको आन्दोलनसहित हाम्रो राजनीतिक शक्ति संरचना निर्माण हुनेछ। यस प्रक्रियामा, हाम्रो पार्टी मन, बचन, र कर्मले अडिग रहनेछ।

हाम्रो पार्टी अहिले विशेष निर्माण चरणमा छ। गत अभियानको निरन्तरतास्वरूप पार्टी गठन भएको एक वर्ष पूरा भइसकेको छ, र यस अवधिमा देशव्यापी रूपमा संगठन विस्तार, विचारगत एकता, र संघर्षमूलक अभियानहरू सञ्चालन गरेका छौं।

जनता लामो समयदेखि परिवर्तनको अपेक्षामा छन्, र हाम्रो पार्टी नै उनीहरूको वास्तविक प्रतिनिधि बन्ने ऐतिहासिक अवसरको सामु छ। यही उद्देश्यले हामीले पार्टीलाई जनतासँग जोड्न, संगठनलाई विचारधारात्मक रूपले सशक्त बनाउन, र रणनीतिक दिशानिर्देशन दिन व्यापक छलफल, प्रशिक्षण तथा अभियानहरू अगाडि बढाइरहेका छौं।

आजको केन्द्रिय कार्यसमितिको भेला हाम्रो आन्दोलनको लागि एक महत्वपूर्ण वैचारिक मञ्च हो। यस भेलामा व्यापक छलफल गर्दै राजनीतिक प्रतिवेदनलाई अझ समृद्ध बनाउने, आवश्यक संशोधनहरू गर्ने, र पार्टीको रणनीतिक दिशानिर्देशनलाई स्पष्ट पार्ने उद्देश्य रहेको छ।

हाम्रो यात्रा सामाजिक, सांस्कृतिक, आर्थिक, र राजनीतिक पुनःसंरचनाका लागि संघर्ष गर्ने दिशामा अघि बढिरहेको छ। यस भेलाले हामी सबैमा नयाँ उर्जा सञ्चार गर्नेछ, पार्टीलाई स्पष्ट मार्गदर्शन प्रदान गर्नेछ, र हामीलाई हाम्रो राष्ट्रिय मुक्ति क्रान्ति को लक्ष्य प्राप्त गर्ने दिशामा अग्रसर गराउनेछ। सक्रिय सहभागिता, आलोचनात्मक टिप्पणी, र महत्वपूर्ण सुझावहरू यस भेलाको सफलताका प्रमुख आधार बन्नेछन्।

धन्यवाद,

स्वदेशवाद जिन्दावाद- जय मातृभूमि!
राष्ट्रिय मुक्ति क्रान्ति जिन्दावाद
राष्ट्रिय मुक्ति पार्टी जिन्दावाद

२०८१ फागुन १२ र १३ बानेश्वर
काठमाडौ

# लैन्डपूलिंगको आयोजना खारेजीको माग गर्दै ज्ञापन पत्र

राकेश यादव, रौतहट । लैण्ड पुलिंगको नाउँमा जग्गा ठगी गरेको भन्दै फिर्ता गर्न स्थानीय जग्गादाताहरुले सामूहिक रुपमा शुक्रबार मौलापुर नगरपालिका, मालपोत कार्यालय र नापी कार्यालयमा निर्णय सहितको ज्ञापन पत्र बुझाएका छन् ।



मौलापुर नगरपालिका वडा नम्बर ३, ४, ५ मा ४ सय किसानबाट करीब ८५ बिघा जग्गा लिएर गरिएको लैण्ड पुलिंग योजनामा जानकारी नदिई बढी जग्गा लिएको भन्दै मौलापुरका २३६ जना किसानले सामूहिक रुपमा लिएको जग्गा फिर्ताको माग गर्दै ज्ञापन पत्र बुझाएका हुन् ।

प्रधुमन बैठा, गौरी शंकर साह, रामाशंकर रजक, सर्फलाल यादव, शिवमंगल राय यादवसहितको स्थानीय जग्गादाताहरुको टोलीले पुस २७ गते सामूहिक भेलाबाट गरेको निर्णयको प्रतिलिपिसहित मौलापुरका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबू साहलाई ज्ञापन पत्र बुझाएको हो ।

मौलापुर नगरपालिका वडा नम्बर ३, ४ र ५ का २३६ जग्गाधनीको भेलाले मौलापुर जग्गा एकीकरण आयोजनामा पर्ने जग्गाको सडक र सरकारी कार्यालयका लागि बढी प्रतिशत जग्गा कट्टा गरेको, जग्गाको ठाउँ हेरफेर गरेको र जग्गा एकीकरण आयोजनामा भएको खर्च पारदर्शिता नगरेको निर्णय गरी कार्यान्वयनका लागि मौलापुर नगरपालिका, मालपोत कार्यालय र नापी कार्यालय ज्ञापन पत्र बुझाएको पीडित रामाशंकर रजकले बताएका छन् ।

नगरपालिकाले जग्गा एकीकरण गर्ने बेला १० देखि २० प्रतिशत कट्टा गर्ने भनेकोमा झुक्याएर ३० देखि ५० प्रतिशत जग्गा कट्टा गरेको आरोप उनीहरुको रहेको छ । संघीय सांसद प्रभु साहले लैण्ड पुलिंगको नाउँमा किसानहरुसँग जग्गा लिएर नगरपालिकाको नाउँमा ८ बिघा जग्गा गराएको दावी पीडित किसान सर्फलाल यादवले गरे ।

सडक, नाला, विद्युतीकरण गर्ने भनी वाचा गरेर जग्गा लिएको र अहिलेसम्म केही नगरेको र भनेको बमोजिमभन्दा बढी जग्गा कटौती गरेकोले आयोजना नै खारिज गरी जग्गा फिर्ता गर्नुपर्ने माग गरे ।

प्रधुमन बैठाले जग्गा एकीकरण आयोजनाको नाउँमा लाखौं रकम अनियमितता गरेको आरोप लगाउँदै एकीकरण गरिएको जग्गामा पूर्वाधार विकासको नाउँमा नगरपालिकाद्वारा गरिएको खर्चको पारदर्शिता गर्नुपर्ने माग समेत गरे ।

जग्गा लैण्ड पुलिंगको लागि बनाइएको जग्गा एकीकरण समितिसँग यो विषयमा छलफल गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबू साहले प्रतिबद्धता जनाएका छन् ।

बढी जग्गा कटौती गरेकोले फिर्ता गर्नका लागि दयाशंकर साह, उमाकान्त महतो, चन्द्रप्रकाश साह, सत्यनारायण राउत कुर्मी, राम प्रवेश साह, ललन साह, दयाशंकर बैठा, शिवमंगल यादव, जय किसुन बैठा, गान्धी दास पटवा, रूपनारायण साह, राम अयोध्या यादव, बैजनाथ ठाकुर, शिवशंकर तिवारी, सुरेन्द्र साह, राम विलास साह, जय नाथ ठाकुर लोहारले हस्ताक्षर गरेका छन् ।

त्यस्तै, रंजीत पटेल, नन्दलाल पटेल ब्रह्मदेव साह, नन्दकिशोर बैठा, सोनेलाल राय यादव, नागेन्द्र प्रसाद कुशवाहा, स्नेही राय, बुधराम महतो, बिजली राय यादव, संजय बैठा, विश्वनाथ ठाकुर, विजय कुमार बैठा, दामोदर बैठा, उर्मिला देवी, रामेश्वर बैठा, सागर बैठा, सुशीला देवीसहित २३६ जनाले झुक्याएर बढी लिएको जग्गा फिर्ता गर्नु पर्ने निर्णयमा सहभागिता जनाएका हुन् ।

# चिनियाँ कन्सुलरले वितरण गरेको चाइनिज साइकल जलाइयो




वीरगन्ज । वीरगन्जमा चिनियाँ दूतावासको विरोधमा प्रदर्शन भएको छ । मधेशीलाई अपहेलित गरेको भन्दै चिनियाँ दूतावासको विरुद्धमा विरोध प्रदर्शन भएको हो ।

वीरगंजमा चिनियाँ सहयोगको नाममा पुरानो र कमसल साइकल वितरण गरिएको भन्दै राष्ट्रिय विद्यार्थी परिषद्ले विद्यालयमा बिरतरण गरिएको चाइनिज साइकल जलाएको छ । शनिबार वीरगन्जको प्रतिमा चौकमा चिनीया दुतावासको बिरोधमा प्रदर्शन गर्दै बिद्यार्थीहरुले चाइनिज साइकल जलाएका छन् । प्रदर्शनकारीहरूले "चीनको चलाखी अब चल्दैन ,मधेसीलाई अपहेलीत गर्न पाइदैन, मधेसलाई सम्मान चाहिन्छ, "पुरानो साइकल, नयाँ धोका हो, चीन अब हामीलाई मूर्ख नबनाउ!" जस्ता नाराहरू लगाउँदै चिनको विरोध गरेका छन ।

विद्यार्थी परिषद्का नेताहरूले चीनले सहयोगको रुपमा मधेस र मधेसीलाई अपमानित गर्न पुरानो र कमसल साइकल बितरण गरेको अरोप लगाएका छन । बिरोध प्ररदर्शनमा आएका एक विद्यार्थी नेताले भने, "हामीलाई झूटो, पुरानो दान होइन, सफा नियत चाहिन्छ ,मधेसमा चिनको औपनिविसिकरण चल्दैन , चीनमा फालिएको साइकल मधेसलाई दिएर सहयोग दिएको हो कि बेइज्जत गरेको हो ?" प्रदर्शनकारी विद्यार्थीहरूले चिनियाँ हस्तक्षेप अस्वीकार्य भएको भन्दै मधेसलाई दानको नाममा फालिएको सामान होइन, सम्मान चाहिएको स्पष्ट पारे । आक्रोशित प्रदर्शनकारीहरूले विरगन्जको नरसिम्ह माध्यमिक बिद्यालयमा चिनिया कन्सुलरले एक महिना पहिला वितरण गरेका कमसल चाइनिज साइकलमध्ये केही प्रदर्शन स्थलमै जलाएका थिए ।

प्रदर्शनमाको क्रममा स्थानीय बासिन्दा समेतको सहभागी भएका जनाइएको छ ।उनीहरूले चिनियाँ सरकारको 'सहयोग'को नाममा फालिएका सामग्री पठाउने प्रवृत्ति मधेस विरोधी भएको आरोप लगाए ।यदि यस्ता अपमानजनक गतिविधिहरू दोहोरियो भने कडा चिनको बिरोधमा अझ शसक्त आन्दोलन गर्ने चेतावनी समेत दिएका थिए ।

चिनिया दुतावासको कन्सुलरले एक महिना अगाडि वीरगन्जमा बिरतण गरेका साइकल पुरानो भएको स्थानिय बिद्यार्थीहरुले खुलासा गरेका थिए । चिनको सिएफआरडिले बिद्यालयको छात्राहरुलाई बितरण गरेको साइकल पुरानो र कमसल भएको आरोप वीरगन्जका बालिकाहरुको रहेको छ । एक महिना अगाडि मधेसको एकमात्र महानगरपालिकाको रुपमा रहेको वीरगन्ज महानगरपालिकामा सिएफआरडिको माध्यमबाट चाइनिज साइकल बितरण गरिएको थियो ।

वीरगन्ज महानगरपालिकाको समन्वयमा वीरगन्ज महानगरपालिका वार्ड नम्बर १५ स्थित श्री नरसिंह माध्यमिक विद्यालयमा एक कार्यक्रम गरि चाइना फाउन्डेशन फर रुरल डेभलपमेन्टको नेपाल कार्यालयले त्यस बिद्यालयमा अध्यनरत छात्राहरुलाई साइकल बितरण गरेको थियो ।

विद्यालयमा आयोजित साइकल बितरण कार्यक्रममा चाइनिज दुतावासका कन्सुर वांग सिनको विशेष उपस्थिती र दुइ सय साइकल बितरण गरिएको थियो ।

सन २०२२मै नेपालमा साइकल बितरण गर्ने चिनको योजना रहेको थियो । जसले गर्दा साइकल पुरानै समयमा आयात भएको कारण साइकलहरुमा खिया परेको बिद्यालयका एक शिक्षकको भनाइ थियो ।'

# भेटघाट र सम्मानको तस्बिरलाई अपवाह फैलाइयो : उपाध्यक्ष चौधरी

काठमाडौं । समाजवादी युवा संघ मधेश प्रदेशका उपाध्यक्ष सरोज कुमार चौधरीले भेटघाटका क्रममा सम्मान गरिएको तस्बिरलाई गलत रूपमा प्रयोग गरी आफूले पार्टी परिवर्तन गरेको भन्ने अपवाह फैलाइएको बताएका छन् ।

विज्ञप्ति जारी गर्दै उनले भनेका छन्, "भेटघाटका क्रममा खिचिएको तस्बिरलाई गलत सन्दर्भमा प्रयोग गरी म जसपा नेपाल छोडेको भन्ने भ्रम फैलाइएको छ, जुन सत्य होइन ।"

उनका अनुसार, बिहीबार जसपा नेपालबाट अलग भएका असन्तुष्ट नेताहरू रेणु यादव, प्रतिनिधि सभा सदस्य बिरेन्द्र प्रसाद महतो र नेता अशोक यादवले आफूलाई भेट्न निम्त्याएका थिए ।

उनले स्पष्ट पारे कि उनी पूर्व शीर्ष नेताहरूसँग केवल भेटघाट गर्न गएका थिए, कुनै नयाँ पार्टीमा प्रवेश गर्ने मनसायले होइन ।

चौधरीले थपे, "भेटघाटपछि खिचिएको सम्मानको तस्बिर सामाजिक सञ्जालमा प्रचार गर्दै असन्तुष्ट नेताहरूसँग मिलेर म नयाँ दलमा प्रवेश गरेको झूटो हल्ला फैलाइएको छ। यस्ता गैर-राजनीतिक गतिविधिहरूप्रति म गम्भीर आपत्ति जनाउँछु ।"

यसका साथै उनले यस्ता भ्रामक समाचारहरूको खण्डन गर्दै भने, "यस्तो प्रचारले ती नेताहरूको बाँकी रहेको थोरै सम्मानसमेत गुमाएको छ ।"

उनले आफू अझै उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल र यसको भातृ संगठन समाजवादी युवा संघ नेपालमै रहेको स्पष्ट पारेका छन् ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बसबरीया गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

# मधेशी एकता समाज यूएईद्वारा दुबईमा होली मिलन समारोह सम्पन्न



दुबई, यूएई । मधेशी एकता समाज यूएईले आइतबार दुबईको बरदुबईस्थित क्लब एसके ७ मा भव्य होली मिलन तथा सांस्कृतिक समारोहको आयोजना गरिएको थियो । समारोहमा ७०० भन्दा बढी मधेशी समुदायका सदस्यहरूको उपस्थिति थियो । समाजका यूएई अध्यक्ष रोशन मार्क्सिस्टको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व उपप्रधानमन्त्री तथा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव प्रमुख अतिथिका रूपमा थिए ।

कार्यक्रममा आबुधाबीस्थित नेपाली दूतावासका राजदूत तेज बहादुर क्षेत्री, मधेशी एकता समाजका संस्थापक तथा अन्तर्राष्ट्रिय अध्यक्ष डा. रबिन्द्र कुमार यादव, दूतावासका तृतीय सचिव बिमलेश मिश्र, श्रम सहचारी पंकज लावकर्ण, मधेशी एकता समाज नेपालका संयोजक डा. बबी सिंह यादव, अन्तर्राष्ट्रिय समितिका महासचिव मुकेश झा, एनआरएनए यूएईका महासचिव भुवन कुमार वाग्ले, नेपाल जनप्रगतिशील मञ्च यूएईका अध्यक्ष लक्ष्मण खनाल, नेपाल पत्रकार महासंघ यूएईका अध्यक्ष मेघराज सापकोटा, कायकल्प टिभी/च्यानलका कृष्ण कुमार दुलाल, नेपाल विश्वकर्मा समाजका अध्यक्ष गगन बीके, कोच राजवंशी प्रवासी समाजका शोभा राजवंशी र सावित्री राजवंशी लगायतको उपस्थिति थियो ।

महासचिव सुरेश यादव र सह-अध्यक्ष/प्रवक्ता शैलेन्द्र रायले उद्घाटन समारोहको संचालन गरे भने सांस्कृतिक कार्यक्रमको संचालन भोला पासवान र मनोज परदेशीले गरे।

कार्यक्रममा स्वागत मन्तव्य यूएईमा नर्सको रूपमा कार्यरत चर्चित टिकटक स्टार सुगम शर्माले राखेकी थिइन् ।

समारोहमा सांस्कृतिक नाचगान, होली गीत, जोगिरा गायन र विभिन्न परिकारको व्यवस्था गरिएको थियो।

नेपालबाट आएका चर्चित कलाकार रविराज साह र शोभा पासवानले आफ्नो प्रस्तुतिले दर्शकलाई मनोरञ्जित तुल्याए। स्थानीय कलाकार भोला पासवान, ईशा, अनाया, भिरु यादव, स्लोन्ली एन्जल र नेपाली बोइज ग्रुपले पनि आकर्षक प्रस्तुति दिए ।

उद्घाटन सत्रमा उपेन्द्र यादव, तेज बहादुर क्षेत्री र डा. रबिन्द्र कुमार यादवले आफ्नो मन्तव्य राखे। डा. यादवले संयुक्त राष्ट्र संघको अल्पसंख्यक फोरममा आफ्नो सहभागिता, काठमाडौंमा मधेशका सबै दलबीच मधेशको विषयमा अन्तरक्रिया, समाजको जापान, युरोपियन युनियन र अमेरिका लगायतका देशहरूमा विस्तार, मधेशमा शिक्षाको स्तर उन्नति, मधेशबाट हुने श्रम आप्रवासनलाई कम जोखिमपूर्ण बनाउन र श्रमिकलाई सीपमूलक तालिम दिई विप्रेषणको गुणस्तर कायम गर्ने जस्ता कार्यमा मधेशी एकता समाजले सकारात्मक परिवर्तनको प्रयास गरिरहेको बताए। श्रमिकहरूलाई विदेशमा समस्या पर्दा उद्धार गर्ने, मद्दत गर्ने, मधेशमा प्राकृतिक विपत्तिको बेला सहयोग गर्ने, मधेश आन्दोलनका शहीद परिवारलाई सहयोग गर्ने, मधेश मुद्दालाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न मद्दत गर्ने जस्ता कार्यमा समेत संस्था क्रियाशील रहेको उनले जानकारी दिए।

समारोहमा यूएईमा भूउपग्रहको सफ्टवेयर डिजाइन गर्ने मुकेश झा, मिसाइल डिजाइनमा कार्यरत इन्जिनियर दीपक कुमार यादव, दुबईमा कारखाना स्थापना गर्ने पहिलो मधेशी विनेश यादव र अन्य मधेशी उद्यमीहरू गणेश पूर्वे र जीवछ साहलाई सम्मान गरिएको थियो।

नेपालमा होली मार्च १४ मा भए पनि रमजानको पवित्र महिना फेब्रुअरी २८ देखि मार्च ३० सम्म चल्ने भएकाले दुबईमा होली समारोह रमजान अगावै फेब्रुअरी २३ तारिखमा आयोजना गरिएको थियो।




## जिल्ला समाचार

### पर्सामा रामुपाको कार्यालय उद्घाटन




वीरगंज । बहुलराष्ट्रिय राज्यको स्थापना र स्वदेशवाद एवं सामुदायिक समाजवादको लागि पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोको नेतृत्वमा गठन भएको राष्ट्रिय मुक्ति पार्टी नेपालको वीरगंजमा जिल्ला कार्यालय उद्घाटन भएको छ । वीरगंजको चीनी मिल आवास क्षेत्र अगाडि संचालनमा आएको पार्टी कार्यालयको उद्घाटन केन्द्रीय सदस्य नेजामुद्दीन शमानीले गरेका हुन् । उद्घाटनपछि पार्टी कार्यालयमा पर्सा जिल्ला संयोजक राजेश साहको अध्यक्षतामा बसेको बैठक बसेको थियो । बैठकमा पार्टीका केन्द्रीय सदस्य शमानी तथा अनिरुद्ध प्रसाद कलवार, रेखा घिमरे, जयलाल साह, सरीता कुमारी साह, हजरत  खां, हाकिम मियाँ, दिव्य प्रकाश चतुर्वेदी लगायतका जिल्ला नेताहरुको उपस्थिति थियो । बैठकले जिल्लामा पार्टीको संगठनको गतिविधि बढाउने र यही फागुन १२, १३ गते हुने केन्द्रीय समितिको बैठकबारे छलफल गरिएको थियो ।

### मन्त्री साहद्वारा सप्तरीमा दुई महत्वपूर्ण भौतिक पूर्वाधारको शिलान्यास

सप्तरी । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवकिशोर साहले जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकामा दुई महत्वपूर्ण भौतिक पूर्वाधार निर्माणको शिलान्यास गरेका छन् । मन्त्री साहले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं.९ महाविर चोकको भगवती स्थानदेखि हनुमान मन्दिरको गेटसम्म बाटोको शिलान्यास गरेको हुन् । यो परियोजना १ करोड ७१ लाखको लागतमा मन्त्री साहको पहलमा भौतिक मन्त्रालयबाट ल्याएको थियो । यसैगरी, मन्त्री साह हनुमाननगर कंकालिनी ९ मै रहेको महावीर उच्च माध्यमिक विध्यालय हनुमाननगरमा थप भवनको शिलानयास गरेका छन् । यो थप भवन निर्माणका लागि मन्त्रीको पहलमा १ करोडको बजेट ल्याइएको थियो ।

### टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

सिरहा । धनगढीमाई नगरपालिका-१० स्थित सडकमा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । प्रदेश २-०१-००१ ख ०१२१ नम्बरको टिपरले प्रदेश २-०३-०१६ प ०८३४ नम्बरको मोटरसाइकललाई आइतबार बिहान ठक्कर दिँदा मोटरसाइकल चालक मिर्चैया नगरपालिका-५ बस्ने ५७ वर्षीय अजबलाल साहको मत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल लहानमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले टिपर चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### डाक्टरको लापरवाहीको कारण एक युवकको मृत्यु

राकेश यादव, रौतहट । जिल्लाको गौर नगरपालिका वडा नम्बर १ मा सञ्चालन रहेको गौर सेन्ट्रल हॉस्पिटल प्रा लि मा उपचार गराउन गएका एक युवकको मृत्यु भएको छ । गौर नगरपालिका वडा नम्बर ३ बस्ने धर्मेन्द्र अधिकारी यादवको १९ वर्षीय छोरा लालू अधिकारी यादवको गौर सेन्ट्रल हॉस्पिटलको डाक्टरको लापरवाहीको कारण ज्यान गएको हो । शनिवार बेलुकी पेट दुखेको भनी लालू यादव अधिकारीलाई प्राथमिक उपचारको लागि प्रादेशिक अस्पताल गौरको आकस्मिक कक्षमा लागिएको थियो । प्रादेशिक अस्पतालको आकस्मिक कक्षमा रहेका चिकित्सकले प्रारम्भिक जाँच गरी प्राप्त भएको रिपोर्टको आधारमा आन्द्रामा समस्या भएकोले छिटो शल्यक्रिया गर्नु पर्ने डाक्टर घनश्याम ठाकुरले सुझाव दिएपछि डाक्टर पंकज साह र गौर सेन्ट्रल हॉस्पिटलका डाक्टर फिरोजले सवै सुबिधा उपलब्ध छ भनी निजी हॉस्पिटलमा ल्याई भर्ना गरेको मृतकका काका देवेन्द्र अधिकारीले बताए । हाँस्दै प्रादेशिक अस्पतालबाट आएको भतीजोले आफै हिडेर ऑपरेसन थिएटरमा गएको र शल्यक्रिया गर्ने डाक्टर फिरोज र डाक्टर घनश्याम ठाकुर नआएको दावी उनले गरे । अवस्था गम्भीर छ भने अर्को सुविधा सम्पन्न अस्पतालमा लैजाने छू भनी भन्दा डाक्टर पंकज साहले सामान्य हो भइहाल्छ भनी छातीदेखि तल पेटसम्म शल्यक्रिया गरेको बताउँदै पीडित अधिकारीले पटक पटक सोध्दा जवाव नदिएर ठीक हुन्छ भनी ३ घण्टासम्म रोकर अनतिम अवस्था राति १० बजेको समयमा अवस्था गम्भीर भएको भनी बीरगंजको लागि पठाएको र ११ बजे वीरगंज पुग्दा मेडिकल कालेजका डाक्टरले ३ घण्टा पहिला नै बिरामीको मृत्यु भइसकेको घोषणा गरेको सुनाए । ऑपरेसनको बेलामा राम्रो छ भने डाक्टर फिरोज र पंकजले पैसाको लागि भतीजोको हत्या गरेको दावी गर्दै दोषी माथि कार्यवाही हुनु पर्ने मागसमेत गरे । प्रादेशिक अस्पताल गौरबाट अरु ठाउँमा पठाउनुको सट्टा गौरमै पठाउने डाक्टर घनश्याम ठाकुर मुख्य हत्यारा भएको आरोप लगाए । आइतबार बेलुकी सयौं युवाहरुको समूहमा गौर सेन्ट्रल हॉस्पिटल पुगेका मृतकका काका देवेन्द्र अधिकारीले कमीशनको लोभमा डाक्टर फिरोज, डाक्टर घनश्याम ठाकुर र डाक्टर पंकज साहले षड्यन्त्र गरी हत्या गरेकोले सर्म्बंधित निकायबाट निजी अस्पतालको छानविन गरी दोषी डाक्टरलाई क़ानूनी दायरामा ल्याउनु पर्ने माग गरे । ऑपरेसनको क्रममा नै भतीजो लालू अधिकारीको निधन भएको दावी उनको रहेको छ । मृत्यु भइसकेपछि मात्र रेफर गरेको र एम्बुलेंसमा राख्दा खेरी नै डाक्टरहरु हॉस्पिटल छोडेर फरार भएको उनले बताए ।

उनले अघि थपे प्रादेशिक अस्पताल गौरमा राम्रो सेबा सुबिधा छ भने गरिने प्रचारबाजी मात्र रहेको छ केहि सुबिधा नरहेको बताए । घटना पछि गौर सेन्ट्रल अस्पतालका डाक्टर फिरोज सम्पर्कविहीन रहेकोले प्रतिक्रिया लिन सकिएन ।

# नेपाल-भारतबीचको सम्बन्धलाई अझ सुदृढ गर्नुपर्ने : यादव

काठमाडौं ।
प्रतिनिधिसभाअन्तरगतको अन्तर्राष्ट्रियसम्बन्ध र पर्यटन समिति सभापति राजकिशोर यादवले नेपाल-भारतसम्बन्ध सुदृढ गर्न र साझा अवसरको लाभ लिन सहकार्यको आवश्यकता रहने बताएका छन् ।
भारतको नयाँदिल्लीमा आयोजित 'नेपाल-भारतसम्बन्ध, छिमेकी कूटनीति र बुद्धका उपदेशको सान्दर्भिकता' सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा उनले नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, र जनस्तरको सम्बन्धलाई अझ सुदृढ गर्नुपर्नेमा जोड दिए ।
'नेपाल र भारतबीच शताब्दीयौंदेखि सभ्यतागत सम्बन्ध छ । जसलाई साझा इतिहास, परम्परा, धर्म, विश्वास, र जनस्तरको सम्बन्धले परिभाषित गर्छ । यी साझा विशेषताहरूले हामीलाई इतिहास र संस्कृतिसँग जोडिएका अवसरलाई मूर्तरूप दिन मात्र होइन, द्विपक्षीयसम्बन्ध सुदृढ पार्दै क्षेत्रीय सहकार्यमार्फत साझा समृद्धि हासिल गर्ने अवसर प्रदान गर्छ', सभापति यादवले




भने ।
उनले नेपाल-भारतको ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई सुदृढ गर्न बौद्ध, रामायण र महाभारत सर्किटजस्ता धार्मिक पर्यटन मार्गहरूको प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो । दुई देशबीच भौतिक र डिजिटल सम्पर्कमा विस्तार, आर्थिक र क्षेत्रीय सहकार्यलगायत विषयमा आफ्नो धारणा पूर्वमन्त्री यादवले दक्षिण एसियामा साझा समृद्धि र शान्तिका लागि नेपाल-भारतको सहकार्यलाई थप बलियो बनाउन आह्वानसमेत गरे ।
बोधगया र लुम्बिनीलाई जोडेर बौद्ध सर्किट बनाउने, अयोध्या र जनकपुरलाई समेटेर रामायण सर्किट विस्तार गर्ने तथा पाण्डवहरूसँग सम्बन्धित स्थानलाई समेटेर महाभारत सर्किट प्रवर्द्धन गर्ने योजनालाई मूर्त रूप दिइनुपर्ने उनको भनाइ छ ।
त्यस्तै, सीमापार रेल, सडक, पेट्रोलियम पाइपलाइन र ऊर्जा प्रसारणलाइनजस्ता पूर्वाधार परियोजनालाई तीव्र गतिमा अघि बढाउनुपर्ने पनि सभापति यादवको भनाइ छ ।
नेपाल-भारतबीच डिजिटल भुक्तानी प्रणालीमा सहकार्य तथा अन्तरआवद्धताको विषय पनि उनले उठाए । त्यस्तै, भारतबाट नेपालमा जलविद्युत्, उद्योग, र पर्यटन क्षेत्रमा लगानी बढाउन आग्रह गर्दै उहाँले त्रिपक्षीय ऊर्जा सम्झौताले क्षेत्रीय सहकार्यको ढोका खोलेको बताए ।
'यी साझा अवसरको लाभ लिन दुवै देशले पर्याप्त प्रयास गर्न आवश्यक छ । यी पहललाई व्यावहारिक रूपमा सफल बनाउन प्रतिबद्धता चाहिन्छ, उनले भने,भौतिक र डिजिटल सम्पर्क हाम्रो सहकार्यको प्रमुख आधार हुनुपर्छ, किनभने तिनिहरू आर्थिक वृद्धि, सामाजिक प्रगति, र क्षेत्रीय स्थिरताका लागि महत्त्वपूर्ण छन् ।'
सार्क, विमस्टेक, बिबिआइएनजस्ता क्षेत्रीय मञ्चहरूको प्रभावकारी प्रयोग गर्दै नेपाल-भारत सम्बन्धलाई मात्र नभइ सम्पूर्ण दक्षिण एसियाली क्षेत्रलाई समृद्ध बनाउने दिशामा काम गर्न उनले आग्रह गरे ।

## असहिष्णु...

ध्येय थियो तर संस्थापन नश्लीय राज्यले नजरअन्दाज मात्रै गरेन, मधेशले उठाएको मांगलाइ निषेध गर्यो, अत्याधिक दमन गर्यो । हालै देखिएको मुक्कुमलुंग, बोझेनी, ढोरपाटन जस्ता समस्या समाधानको सट्टा राज्यले गरेको अत्याधिक दमनले यो संकट झन् गहिरिदै गएको छ, झन् विभाजन पैदा गर्दै गएको छ । राज्यको यस्तो असहिष्णु, हिंसाक ब्यबहारले राज्य प्रतिको अलगाव झन् गहिरिदै जाने निश्चित छ ।' भनिएको छ ।
माघ ८ गते निर्वाचन आयोगबाट विधिवत रुपमा दल दर्ताको प्रमाणपत्र पाइसकिएकोले अब द्रुत गतिमा पार्टी विस्तारको कार्यलाई अगाडि बढाउन चैत १ गते देखि वैशाख १५ गतेसम्म संगठन विस्तार अभियान, प्रशिक्षण कार्यक्रम र अर्थ संकलन अभियान चलाउने निर्णय गरिएको छ । यस अभियानअन्तर्गत पार्टीलाई गाउँ-गाउँसम्म पुऱ्याइने रामुपाको निष्कर्ष छ ।

## सहि...

उनले समयक्रमसँगै अपराधका प्रकृति र आयाममा बदलाव आउँदै गएको र यसले अनुसन्धान कार्यलाई निकै जटिल बनाएको हुँदा अनुसन्धान कार्यमा उपलब्ध प्रविधिको उपयोगबाट सही विश्लेषण प्राप्त हुनेगरी प्रहरी जनशक्तिलाई दक्ष बनाउनुपर्ने उल्लेख गरे ।
उनले अनुसन्धानमा चुक हुँदा निर्दोष व्यक्तिले सजाय पाउने तथा दोषीले उन्मुक्ति पाउने दुर्भाग्यपूर्ण अवस्था निम्तिने जोखिम रहेको भन्दै त्यस स्थितिबाट पार पाउन अपराध अनुसन्धानका लागि कानुनद्वारा निर्धारित नेपाल प्रहरीलाई थप सशक्त बनाउनुपर्ने बताए । मुख्यमन्त्री सिँहले भने, "प्रदेश सरकार प्रहरीलाई साधनस्रोत सम्पन्न बनाउन प्रतिबद्ध छ ।"
शान्तिसुरक्षा तथा अमनचयन कायम गर्न नेपाल प्रहरीका लागि निर्धारित भूमिकालाई अझ बलियो, बिस्तारित र सक्षम बनाउन प्रदेश सरकारको संवैधानिक दायित्व नै भएको चर्चा गर्दै उनले मधेश प्रदेशका आठवटै जिल्लामा भइरहेका अपराधका अनुसन्धान प्रक्रियाका बारेमा गहन विमर्श गरी विद्यमान कमीकमजोरी हटाउन मजबुत प्रयास हुनुपर्ने बताए । उनले भने, "सबै जिल्लाका अपराधसम्बन्धी तथ्याङ्क एक ठाउँमा ल्याउनुस्, तिनमा भएका अनुसन्धानका सबै पाटा केलाउनुस् अनि प्रगतिमा देखिएका चुनौतीलाई सामना गर्न कार्यनीति बनाउनुस् । यसले प्रहरी संगठनको कार्य र छवि दुबै अब्बल हुनेछन् ।"

## अध्यादेशमा...

कांग्रेस र एमाले जसपा नेपालका अध्यक्ष यादवलाई 'फकाउन' प्रयासमा छन् । यसका लागि प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले अध्यक्ष यादवसँग छुट्टाछुट्टै भेट गरेर अध्यादेशमा सहयोग गर्न आग्रह गरेका थिए । देउवा र ओलीको आग्रहका बीच जसपा नेपाल भूमिसम्बन्धी अध्यादेश अस्वीकार गर्ने निर्णय गरेको छ । सरकार भने छवटै अध्यादेश संसदबाट पास गराउन नैतिक दबाबमा छ ।
उपेन्द्र यादवले अध्यादेशमा समर्थन नजनाउने निर्णय गरेपछि लोसपाले पनि त्यस्तै निचोड निकालेको छ । अध्यादेश अगाडि बढ्दा वन फडानी र अवैध कब्जाको प्रवृत्तिले बढावा पाउने महन्थ ठाकुरको तर्क छ ।
लोसपाबाट शरतसिंह भण्डारी मन्त्री छन् । आफूसमेत सहभागी क्याबिनेटले गरेको निर्णयको विपक्षमा उभिएपछि लोसपामाथि पनि नैतिक प्रश्न उठेको छ ।
सत्ता पक्षमै रहेका दुई दलले अध्यादेश देश र जनताको हितमा नरहेको साझा निष्कर्ष निकाल्दा सरकार भने जसरी पनि उक्त अध्यादेश पास गर्नेमै देखिन्छ । त्यसका लागि उपेन्द्र र महन्थहरूलाई फकाउने रणनीति छ ।

# मधानी महोत्सव : प्राचिन खेल दंगलसँगै सम्पन्न

रौतहट । रौतहटको मौलापुर नगरपालिका स्थित पतौराधाममा आयोजित मधानी महायज्ञको अन्तिम दिन प्राचिन खेल दंगल (कुस्ती) कार्यक्रमसंगै सम्पन्न भएको छ । दंगल कार्यक्रममा नेपाल र भारतका पुरुष र महिला चर्चित पहलवानहरुको विशेष सहभागिता रहेको छ ।
नेपालको बिभिन्न ठाउँका पहलवानहरु त्रिलोकी यादव, बाब हरिओम, नमर्ता, मोकतार अली अनुठा साह पतौराधामको दंगल कार्यक्रममा सहभागि छन् । यस्तै भारतको केरलाबाट कटपा पहलवान, हलचल पहलवान, उतराखण्डबाट मेन्टल पहलवान, अजगर पहलवान, भुकम्प पहलवान, जम्मु कश्मीरबाट जावेद अली, यामिन पहलवान सहभागि छन् ।
यसैगरी झारखण्डबाट एप्पल पहलवान, गोरखपुरबाट खुशी पहलवान, गोपलगंज बिहारबाट पायल पहलवान, हरियाणाबाट काजल पहलवान, बंगालबाट हुकुम सिंह, धमाका पहलवान, बनारसबाट प्रिन्स पहलवान सहित स्थानीय पहलवानको समेत सहभागिता रहेको छ ।
मौलापुर नगरपालिकाका उपमेयर नागेन्द्र यादवको अध्यक्षता र मेयर रिनाकुमारी साहको प्रमुख आतिथित्यमा भएको दंगल कार्यक्रम हेर्न हजारौंको सहभागिता रहेको छ ।
मौलापुर नगरपालिका पतौराधाम स्थित धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं ऐतिहासिक पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचिमा सूचिकृत गराउने संकल्प सहित सुरु भएको मधानी महायज्ञ पाँच दिनसम्म बिभिन्न कार्यक्रम सहित सम्पन्न भएको छ ।
मौलापुर नगरपालिकाको आयोजना भएको मधानी महायज्ञ पाँच दिनसम्म बिभिन्न कार्यक्रम भएको थियो । ११ फागुनमा बिभिन्न विद्यालयका विद्यार्थीहरुले शिक्षा/साक्षारत केन्द्रीत सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । १२ गते भगवान शिवको बरात यात्रा निष्केको थियो भने १३ गते शिवमन्दिरमा विशेष पुजा भएको थियो र शिवमण्डलीका बीचमा नै प्रतिस्पर्धा भएको थियो । यस्तै १४ गते मधानी विशेष सांस्कृतिक कार्यक्रम भएको थियो । जसपामा नेपाल र भारतका चर्चित कलाकारहरुले आफ्नो प्रस्तुती राखेका थिए । १५ गते मधानी विशेष दंगल कार्यक्रमसंगै महाधानी महोत्सव सम्पन्न भएको हो ।
मधानी महायज्ञमा नेपाल र भारतका लाखौं दर्शनार्थीहरुको सहभागिता भएको थियो । पतौराधाममा थामिनसक्नु भिड देखिन्थ्यो । यसले व्यापारका साथै नेपाल-भारतको सम्बन्ध समेत बलियो बनाउँने विश्वास मेयर साहले व्यक्त गरेकी छन् ।
'मधानी महायज्ञमा नेपाल सहित भारतका दर्शनार्थीहरुको भिड लागेको छ । यसले दुबै देशको सम्बन्ध अझै बलियो बनाउँने विश्वास छ । मधानी महायज्ञ नेपाल-भारत सम्बन्धको सेतु बनेको छ', मौलापुर नगरपालिकाका मेयर साहले भनिन् ।
प्रत्येक बर्ष भगवान शिव पार्वतीकोको विवाह उत्सवको रुपमा मनाईने मधानी महायज्ञले धर्म, संस्कृतिको संरक्षण समेत हुने गरेको मेयर साहले जनाएकी छन् । नेपाल र भारतका लाखौं दर्शनार्थीहरु दर्शन गर्न यहाँ आउँने भएकाले त्यसले दुई देशको सम्बन्ध अझै बलियो बनाउँने विश्वास उनले व्यक्त गरिन् ।
मधानी महायज्ञमा निष्केको भगवान शिवको बरात यात्रालाई आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले स्वागत गरेका थिए । कार्यक्रममा भोजपुरी सिने जगतका लेखक, निर्माता तथा पूर्वमन्त्री बिनय बिहारी, 'डायरी अफ मणिपुर' फिल्मका निर्देशक सनोज मिश्र, भोजपुरीका चर्चित गायक एवं अभिनेता रितेश पाण्डेको मधानी विशेष सांस्कृतिक कार्यक्रममा विशेष प्रस्तुती रहेको आयोजकले जनाएको छ ।
यसैगरी मधानी महोत्सवमा महाकुम्भ मेलाका भाईरल गर्ल मोनालिसा सहित भोजपुरी कलाकारहरु मिंटुवा, गायक सुनील पंडित, नेपाली गायक गौरभनारायण राई, भोजपुरीका कलाकार, प्रिया सुहानी सहित स्थानीय कलाकारको समेत विशेष प्रस्तुती रहेको थियो ।

फोहोरमैलाको उचित व्यवस्थापन गरौं

- घर वरिपरि तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहोरलाई डस्बिन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लाष्टिक प्रयोग नगरौं,
- प्लाष्टिक तथा अन्य फोहोरलाई नजलाऔं,
- कुहिने, नकुहिने र पुन: प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं